वर्ष : १७, अंक : २५, काठमाडौं, २०७८ असोज १५ गते शुक्रबार, 1 October 2021, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
| --- | --- |
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse@gmail.com

## मलाई केही थाहा छैन : प्रदेश प्रमुख


हरिशंकर मिश्र

प्रदेश नं. २ का मुख्यमन्त्री कार्यालयमा बुधबार अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गरेको छापामारीबारे मलाई केही पनि थाहा छैन । म मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीसँग जानकारी लिन्छु । अख्तियारको छापाबारे मैले सञ्चारमाध्यमहरुबाट थाहा पाएँ । म भ्रष्टाचारको पक्षमा छैन, सरकारले पनि भ्रष्टाचारलाई बढावा दिँदैन । सञ्चारमाध्यमहरुमा विभिन्न कुराहरु आएका छन् । प्रदेश सरकारको मुख्यमन्त्री कार्यालयमा परेको छापाका बारेमा जानकारी लिएपछि मात्रै कुनै प्रतिक्रिया दिनसक्छु ।

## ‘छापामारी आपत्तिजनक’


गिरिशचन्द्र लाल
पूर्वन्यायाधीश

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचार विरूद्ध अुसन्धान गर्न पाउने हो, तर निर्वाचित प्रदेश नं.२ को सरकार प्रमुखको शक्ति तथा गरिमामा आघात पुग्ने गरी, छापामारी शैलीमा अनुसन्धानको प्रक्रिया थाल्नु आपत्तिजनक र दुराशयपूर्ण हो भन्ने कुरामा दुईमत हुन सक्दैन । यस्तो अमर्यादित काम कारवाईबाट नराम्रो नजीर बस्ने हकक्दा आगामी समयमा समेत प्रदेश सरकारहरुमा हीनता बोध हुने भै विकेन्द्रीकरण, जनसहभागिता र जनकल्याणका कार्यहरूमा प्रतिकूल प्रभाव पर्ने हुन्छ ।

## ‘संघीयतालाई बदनाम गराउने षड्यन्त्र’


सुरेश मण्डल
प्रदेश सांसद

संघीयताको जननीको रुपमा रहेको प्रदेश नं. २ को कार्यकारी प्रमुख मुख्यमन्त्रीको कार्यालयमा अख्तियारले छापा मार्नुअति नै दुखद हो । संघीयता अहिले कार्यान्वयनको क्रममा छ यस्तो अवस्थामा मुख्यमन्त्रीको कार्यालयमा छापा मारेर संघीयताप्रति जनतामा नराम्रो सन्देश दिन खोजिएको हो । यदि भ्रष्टाचार नै भएको छ भने छानबिन गर्नेअन्य प्रक्रियाहरु छन् । यो प्रकरणकै कारण मुख्यमन्त्रीले राजीनामा दिनुपर्ने आवश्यकता छैन ।

## अख्तियारले छापा मारेपछि मुख्यमन्त्री राउतलाई छटपटी

# भ्रष्टाचार ढाकछोप गर्न संघीयताको सहारा

**मधेशवाणी डेस्क**

काठमाडौं । संघीय नेपालको इतिहासमा पहिलो पटक सरकार प्रमुखको कार्यालयमा छापा मारिएको छ । त्यो पनि त्यस्तो सरकार जसले भ्रष्टाचारलाई नै उन्मुलन गर्ने कसम खाएका छन् ।

प्रदेश २ का मुख्यमन्त्री लालबाबु राउतले पद तथा गोपनीयताको शपथ लिनासाथ ‘भ्रष्टाचारप्रति शून्य सहनशीलता’को वाचा गरेका थिए । आफू नेतृत्वको सरकार पाँच स (शिक्षा, स्वास्थ्य, सडक, सिँचाइ र सुशासन)लाई मुख्य प्राथमिकतामा राखेर सञ्चालन हुने उनको भनाइ थियो । तर मुख्यमन्त्री राउतको उक्त वाचा भाषणमै मात्र सीमित रहेन उनी कुशासनमै अब्बल भए ।

मुख्यमन्त्री बनेपछि पनि राउतले तीन वटा शब्दमा जोड दिएका थिए-विकास, सुशासन र भ्रष्टाचारमुक्त मधेश । तर सकिनै लागेको उनको चार वर्षे कार्यकालमा उनले बोलेका यी तीनवटा शब्द मध्ये एउटा पनि पूरा भएको छैन । विकास र समृद्धि प्रदेश २ मा टाढाको विषय बनेको छ भने भ्रष्टाचारलाई संगालिएको छ ।

२०७६ भदौ २ गते तत्कालीन नेकपाले शहीद रामवृक्ष यादवको २५ औं पुण्यतिथिमा कार्यक्रमको आयोजना गरेका थिए । त्यस कार्यक्रमलाई सम्बोधन गर्न जनकपुर पुगेका तत्कालीन नेकपाका अध्यक्ष प्रचण्डले प्रदेश २ को सरकार भ्रष्टाचारमा चुर्लुम्म डुबेको आरोप लगाएका थिए ।

प्रदेश सरकार भ्रष्टाचारमा लिप्त भएकै कारण यहाँका जनता अहिलेसम्म सुशासनको अनुभूति समेत गर्न नसकेको उनको भनाइ थियो ।

प्रचण्डले लगाएको उक्त आरोप सतही थिएन । उनले केही सूचना पाएरै प्रदेश २ सरकारमाथि ठूलो आक्षेप लगाए । दुई वर्ष अघि प्रचण्डले लगाएको आरोप अहिले पुष्टि भएको छ ।

यसै वर्ष अख्तियार दुरुपयोग अनुसन्धान आयोगले निकालेका प्रतिवेदनमा सात वटै प्रदेश मध्ये प्रदेश २मा सबैभन्दा बढी भ्रष्टाचार भएको देखाएको छ । आयोगको २९औं वार्षिक प्रतिवेदनमा प्रदेश २मा २१ दशमलव ५० प्रतिशत भ्रष्टाचार तथा भ्रष्टाचारजन्य गतिविधि भएको उल्लेख गरिएको छ ।

प्रदेश २ सरकारले भ्रष्टाचारलाई कसरी बढाबा दिएको छ त्यसको ज्वलन्त नमूना उसले बनाएको कार्यक्रमसम्बन्धी कार्यविधिबाट पनि थाहा हुन्छ ।




प्रदेश २ सरकारले नीतिगत भ्रष्टाचारलाई बढाबा दिने गरी प्रदेश स्तरीय दिवस, समारोह कार्यक्रम संचालन कार्यविधि ल्याएको छ । कमिशन तथा रकम कुम्ल्याउने गरी उक्त कार्यविधि ल्याइएको प्रदेश २ सरकारमा चर्चा छ ।

प्रदेश २ सरकारले आयोजना गर्ने प्रदेशस्तरीय दिवस, समारोह, जयन्तीजस्ता कार्यक्रममा सहभागी हुनेले ७५० रुपैयाँ बराबरको खाना खाने छन् । यस्तै उनीहरुले २५० रुपैयाँ बराबरको खाजा खाने छन् । उक्त रकम भुक्तानी दिँदा कानूनी रुपमा भ्रष्टाचार नगरेको ठहरिनेछ ।

सरकारले प्रदेशस्तरीय दिवस, समारोह, कार्यक्रम सञ्चालन गर्ने कार्यविधि नै बनाएर कार्यक्रमको नाममा भ्रष्टाचारलाई बढाबा दिएको सरकारमा सहभागि दलकै नेताहरुको जिकिर छ । २०७७ सालमै बनाइएको यो कार्यविधिमा प्रदेशस्तरीय कार्यक्रमको खर्च तोकिएको छ ।

**साइकल काण्ड**

प्रदेश सरकारले छोरीलाई विद्यालय पठाउन उत्प्रेरित गर्न ‘बेटी पढाऔं, बेटी बचाऔं’ कार्यक्रम २०७५ माघदेखि सञ्चालन गर्दै आएको छ । यस कार्यक्रमअन्तर्गत स्कुल जान प्रोत्साहन गर्न बालिकालाई साइकल वितरण गरिन्छ । साइकल खरिद र वितरणमा अनियमितता भएको उजुरी परेपछि अख्तियारले त्यससम्बन्धी कागजात नियन्त्रणमा लिन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा छापा मारेको छ ।

अख्तियारको टोलीले ‘मुख्यमन्त्री बेटी पढाऊ, बेटी बचाऊ’ कार्यक्रमका लागि साइकल खरिदसम्बन्धी कागजात नियन्त्रणमा लिएर गएको छ ।

मुख्यमन्त्री कार्यालयले चार चरणमा गरी ४१ हजार २ सय ६२ थान साइकल खरिदमा भएको झन्डै २९ करोड खर्चविरुद्ध उजुरी अख्तियारमा परेको छ ।

वीरगन्जको ओम सत्यसाई प्रालिले गत चैतमा १७ हजार २ सय ६२ थान आपूर्ति गरेको थियो । उसले भ्याटसहित ६ हजार ४ सय ३२ रुपैयाँका दरले आपूर्ति गरेको हो । त्यस बेला काठमाडौंका साइनो इन्टरनेसनल र म्याप हेलेक्सीले पनि आवेदन दिएका थिए । कम रकम कबोल गरेका आधारमा ओम सत्यसाईले ठेक्का हात पारेको थियो ।

११ करोडको साइकल कुन कम्पनीबाट, कहाँबाट ल्याएको भन्ने उल्लेख छैन । ठेकेदारले मुख्यमन्त्री कार्यालयसँग सेटिङ मिलाएर अभियानकै लागि मात्र कुनै साइकल कम्पनीलाई कम गुणस्तरको निर्माण गर्न लगाएको भन्दै उजुरी परेको जनाइएको छ । प्रदेश सरकारले यी साइकल प्रदेशका आठै जिल्लाका कक्षा ८ मा अध्ययन गर्ने छात्रालाई वितरण गर्न किनेको थियो । तीमध्ये ८ हजार थान बाँड्न बाँकी देखिएको छ ।

अख्तियारले छापा मारेपछि मुख्यमन्त्री राउतले संघीयताको सहारा लिएर आफनो बचाउमा उत्रेका छन् । यद्यपी उक्त घटना पछि प्रदेश २ का विपक्षी र सत्तारुढ गठबन्धनमा रहेका दलहरु चुप छन् । कसैले केही प्रतिक्रिया दिएका छैनन् ।



घटनापछि पहिलो प्रतिक्रिया दिदैं मुख्यमन्त्री राउतले भने, ‘अख्तियारले संघीयता समाप्त पार्ने षड्यन्त्रमा लागेर प्रदेश सरकारलाई बदनाम गराउन छापा मारेको हो ।’

‘अख्तियारको टोली छापामार शैलीमा आउँछ । प्रदेश सरकारको सर्वोच्च निकाय मुख्यमन्त्रीको कार्यालय आफैं सुशासन कायम गर्न प्रतिबद्ध छ । त्यसकै लागि जसले लोकपाल आयोग ल्याएको छ’, मुख्यमन्त्री राउतले भने, ‘त्यो संस्थाको गरिमा कसरी उठ्न सक्छ ? कायम गर्न सकिन्छ ? त्यसलाई कायम गर्नु प्रतिबद्ध रहेका बेला यो छापामार शैलीको तरिका ठीक होइन । यसरी छापामार शैलीमा प्रस्तुत हुन्छ, जसरी त्यहाँका प्रमाणहरू लोप भइरहेको छ ।’

मुख्यमन्त्री राउतले यो बोलिरहँदा प्रदेशसभाको प्रदेश मामिला समितिले पनि साइकल खरिद र वितरणको विवरण उपलब्ध गराउन निर्देशन दिएको थियो । तर, मुख्यमन्त्री कार्यालयले विवरण दिन न आलटाल गरिरहेको किन बिर्से?

अख्तियारको शैलीप्रति प्रश्न उठाउने मुख्यमन्त्री राउतले प्रदेशसभाले गठन गरेको संसदीय अनुगमन समितिले मन्त्रालय तथा प्रदेशसभा भवनहरूको मर्मत सम्भार तथा फर्निचर खरिदमा व्यापक अनियमितता भएको ठहरसहित सदनमा प्रस्तुत गरेको प्रतिवेदनमा किन बोल्दैन ।

जबकि प्रतिवेदनमा प्रदेशका मन्त्रालयहरू, पदाधिकारीहरूको निवास तथा प्रदेशसभा सचिवालय भवनको मर्मत सम्भार तथा फर्निचर खरिदमा व्यापक अनियमितता भएको ठहर गरिएको छ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आर्थिक अनियमितताको छानबिनका लागि प्रदेशका मुख्यन्यायाधिवक्ता दीपेन्द्र झाको संयोजकत्वमा मुख्यमन्त्री राउतले तीन सदस्यीय छानबिन समिति गत साउन २९ गते गठन गरेका थिए । यस्तै बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्लाई प्रदेश सरकारले जानकी मन्दिर विद्युतिकरणका लागि उपलब्ध गराएको १२ करोडमा अनियमितता भएको भन्ने आरोपबारे पनि छानबिनका लागि समिति बनाइएको छ । तर ती समितिहरुले रिपोर्ट दिए वा दिएनन केही अत्तोपत्तो छैन ।

मुख्यमन्त्री बन्नुअघि पनि राउत भ्रष्टाचार मुद्दामा मुछिएका व्यक्ति हुन । राउत वीरगञ्ज नगरपालिकाको कर्मचारी रहँदा पनि उनीमाथि भ्रष्टाचार गरेको आरोप लागेको थियो । नगरपालिकाको जिन्सी शाखामा कार्यरत रहँदा राउतले अनियमितता गरेका थिए । अख्तियारको अनुसन्धानमा परेपछि विशेष अदालतले उनलाई भ्रष्टाचार गरेको ठहर गरेको थियो । अदालतले आदेशपछि उनले नगरपालिकाको जागिर छाडेर उपेन्द्र यादवसँग रहेर राजनीतिमा लागे ।

## ‘मुख्यमन्त्री कार्यालय भ्रष्टाचारको अखाडा’



जनकपुरधाम । लोकतान्त्रिक समाजवादी पार्टी नेपालका प्रदेशसभा सदस्य उपेन्द्र महतोले मुख्यमन्त्री कार्यालय भ्रष्टाचारको अखाडा रहेको आरोप लगाएका छन् । उनले मुख्यमन्त्रीले सबै मन्त्रालयको समानान्तर मन्त्रालय चलाइरहेको बताएका छन् । उनले नैतिकताको आधारमा मुख्यमन्त्री राजीनामा दिनुपर्ने बताएका छन् । ‘अलिकति पनि नैतिकता भएको भए राजीनामा गरिसक्नुपर्ने थियो,’ उनले भने ।

## जसपाको बैठकस्थलमा नाराबाजी




जनकपुरधाम । पटक-पटक आश्वासन मात्रै दिएको भन्दै मधेश आन्दोलनका शहीद परिवारले जसपाको बैठकस्थलमा धर्ना दिँदै नाराबाजी गरेका छन् । जसपाको प्रदेश २ का केन्द्रीय सदस्यहरुको बैठक धनुषाको लक्ष्मिनियाँ गाउँपालिकास्थित बाबाको ढावा होटलमा बसेको थियो । बैठकस्थल बाहिर शहीद परिवार तथा घाइते भएकाहरु धर्ना तथा नाराबाजी गरेका हुन् । उनीहरुले वीर शहीद अमर रहुन्, शहीद परिवारको माग पूरा गर, भ्रष्ट मुख्यमन्त्री राजीनामा दे, उपेन्द्र यादव मुर्दावादसहितका नारा लगाएका छन् ।
प्रदेश सरकारले पटक-पटक आश्वासन मात्रै दिएर ठग्ने काम गरेकाले आफूहरु धर्ना दिएको उनीहरुले बताएका छन् । यसअघि भदौ ११ गते जसपाकै कार्यक्रममा धर्ना दिन आएको बखत जसपा अध्यक्ष उपेन्द्र यादव, मुख्यमन्त्री लालबाबु राउतसहितकाले एक साताभित्रै माग पूरा गरिदिने आश्वासन दिएपनि नगरेकाले पुनः आन्दोलनमा आउनुपरेको मधेशी शहीद परिवार तथा घाइते हकहित संघर्ष समितिका अध्यक्ष नरेश राय यादवले बताए । यादवका अनुसार ‘मधेशी शहीद स्मृति प्रतिष्ठान गठन गर्नुपर्ने, नियुक्ति पत्र दिएका शहीद परिवारलाई जागिर दिनुपर्नेसहितका माग पूरा गर्ने आश्वासन तीन बर्षदेखि दिँदै आएपनि पूरा गर्न नसकेको यादवले बताए ।
मधेश आन्दोलनमा आफ्ना छोरा गुमाएका सिरहाको लहान नगरपालिकाका मुस्तकिमले मधेश आन्दोलन दिवसको अवसरमा २०७६ साल माघ ५ गते मुख्यमन्त्री आफैंले नियुक्ति पत्र दिएपनि हालसम्म जागिर पाउन नसकिएको बताए । मुस्तकिमले आफ्नो छोराको शालिक बनाउँदा उपेन्द्र यादवले २ लाख ५० हजार रुपैयाँ दिने आश्वासन दिएपनि हालसम्म एक पैसा समेत पाउन नसकेको बताए ।

## मधेशी र मुस्लिम आयोगले बुझायो प्रतिवेदन

काठमाडौं । दुई संवैधानिक आयोगले बुधबार आफ्नो वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेस गरेका छन् । राष्ट्रपति कार्यालय शीतल निवासमा आयोजित कार्यक्रममा मुस्लिम आयोग र मधेशी आयोगले राष्ट्रपति विद्यादेवी भण्डारी समक्ष प्रतिवेदन पेस गरेका हुन् । मुस्लिम आयोगका अध्यक्ष समिम मिँया अन्सारी र मधेशी आयोगका अध्यक्ष डा विजयकुमार दत्तले राष्ट्रपति समक्ष आर्थिक वर्ष २०७७-७८ को वार्षिक प्रतिवेदन पेस गरेका छन् । नेपालको संविधानको धारा २९४ बमोजिम आयोगले राष्ट्रपतिसमक्ष वार्षिक प्रतिवेदन पेस गर्नुपर्ने व्यवस्था छ ।

## संविधान त्रुटिपूर्ण रहेकाले देशमा राजनीतिक अस्थिरता बढ्यो : महन्थ ठाकुर

काठमाडौं । लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का अध्यक्ष महन्थ ठाकुरले संविधान त्रुटिपूर्ण रहेकाले देशमा राजनीतिक अस्थिरता बढेर गएको बताएका छन् । उनले देशमा राजनीतिक अस्थिरता रहेपनि मधेशको समस्या समाधान गर्न प्रधानमन्त्री शेरबहादुर देउवाको ध्यानाकर्षण गरिएको पनि जानकारी दिए । सोमबार पार्टीका महिला नेतृहरुले जनकपुरमा आयोजना गरेको जितिया पर्वको महत्व विषयक अन्तरक्रिया कार्यक्रममा बोल्दै अध्यक्ष ठाकुरले अन्तरिम संविधानले दिएको अधिकार समेत कटौती गरेकाले संविधान संशोधन गर्नुपर्ने अडानमा आफ्नो पार्टी रहेको स्पष्ट पारे ।

## लोसपाबाट राजकुमार लेखीले दिए राजीनामा

काठमाडौं । लोकतान्त्रिक समाजवादी पार्टी नेपाल (लोसपा)का केन्द्रीय कार्यकारिणी समिति सदस्य राजकुमार लेखीले राजीनामा दिएका छन् । लेखीले बुधबार अध्यक्ष महन्थ ठाकुरको नाममा राजीनामापत्र सार्वजनिक गर्दै लोसपाको सबै पदबाट राजीनामा दिएको घोषणा गरेका हुन् । उनले राजीनामापत्रमा भनेका छन्, ‘अब नयाँ राजनीतिक यात्राको थालनी गर्ने निर्णय गरेको हुँदा यस पार्टीको सबै पदबाट राजीनामा गर्दछु ।’

## चिनियाँ विस्तारवादविरुद्ध युवा संघद्वारा विरोध प्रदर्शन

काठमाडौं । चिनियाँ विस्तारवादविरुद्ध लोकतान्त्रिक समाजवादी पार्टी नेपालनिकट युवा संघले काठमाडौंमा विरोध प्रदर्शन गरेको छ । मंगलबार लोसपा नेपालनिकट युवा संघले नेपालको भूमि चीन विस्तारवाद नीतिको विरुद्ध शान्तिपूर्ण आन्दोलनलाई निरन्तरता दिँदै काठमाडौंको माइतीघर मण्डलामा विरोध गरेको हो ।
नेपालको ७ जिल्लाको ११ ठाउँमा र करिब ४०० वर्ग किलोमिटर नेपाली भूमि अतिक्रमण र हुम्लाको १२ नम्बरको पिलर पहिलाकै स्थानमा कायम गर्न र अतिक्रमित जग्गा अबिलम्ब फिर्ता गराउन भन्दै युवा संघले विरोध गरेको हो । यस्तै, नेपाल सरकारले बनाएको छानबिन समितिले बुझाएको प्रतिवेदन सार्वजनिकको माग राखि नेपाली भूमि अतिक्रमण गर्न पाइदैन मुल नाराको साथ विरोध प्रदर्शन गरिएको विद्यार्थी नेता रन्जित निष्पक्षले जनाएका छन् ।
साथै, चीनमा एमबीबी पढिरहेका विद्यार्थीलाई ईन्टरनसीप नगराई स्वदेश पठाइ वेवारिसे छोडिने चिनियाँ सरकारको नीति र नियम नेपालप्रति खोट रहेको र अबिलम्ब यस्ता प्रवृत्ति सुधार्न र फिर्ता लिन आग्रह गरेको छ । नभए आन्दोलनको रुप भयावह हुने चेतावनी समेत दिएको छ । विरोध प्रदर्शनमा युवा संघका अध्यक्ष मुकेश झाको नेतृत्व र विद्यार्थी नेता रन्जित निस्पक्ष, युवा अध्यक्ष रन्जित सिंह, नेता आभा लाभ, प्रमेश साह, ज्ञानेन्द्र झा, नेता रामजी राय लगायतका नेताहरुको उपस्थिति थियो ।

# मुख्यमन्त्री राउतले २० गते विश्वासको मत लिने

जनकपुरधाम । प्रदेश २ को मन्त्रिपरिषद् बैठकले प्रदेशसभाको बैठक असोज २० गते आह्वान गर्न सिफारिस गर्ने निर्णय गरेको छ । सोही दिन मुख्यमन्त्री लालबाबु राउतले विश्वासको मत लिन प्रदेशसभा समक्ष प्रस्ताव प्रस्तुत गर्ने बताइएको छ ।

अर्थमन्त्री शैलेन्द्रप्रसाद साहले मन्त्रिपरिषद् बैठकले प्रदेशसभा बैठक असोज २० गते आह्वान गर्न सिफारिस गर्ने निर्णय गरेको जानकारी दिए ।

मुख्यमन्त्रीले प्रतिनिधित्व गर्ने दल विभाजित भएमा ३० दिनभित्र प्रदेशसभामा विश्वासको मत लिनुपर्ने संवैधानिक प्रावधान छ ।

तर सत्तारुढ जनता समाजवादी पार्टी (जसपा) विभाजन भएको दुई महिना बितिसक्दा पनि मुख्यमन्त्री राउतले विश्वासको मत नलिइ सरकार चलाइरहेका छन् । असार २९ मा अर्को सूचना जारी नभएसम्म बैठक स्थगित भएको थियो ।

प्रदेश २ को छैटौं अधिवेशन जेठ १८ गते सुरु भएको थियो । सुरुमा केही बैठक बसे पनि पछिल्लो दुई महिनादेखि संसद् चल्न सकेको छैन । मुख्यमन्त्री राउतले समयावधि भित्र विश्वासको मत नलिई प्रदेशसभा सञ्चालनमा तदारुकता नदेखाउँदा संसद छलिरहेको भन्दै विपक्षी दलहरुको आरोप छ । गठबन्धन सरकारका नाममा संसदलाई बेवास्ता गरिएको सत्तारुढ दलको समेत आरोप छ ।

सत्तारुढ जसपा फुटेपछि प्रदेश २ मा कांग्रेस, नेकपा माओवादी केन्द्र लगायत गठबन्धनको सरकार छ । गठबन्धनकै सरकारको नेतृत्व गरिरहेको मुख्यमन्त्री राउतले संसदलाई बेवास्ता गरेको विपक्षी दलको आरोप छ । विश्वासको मत नलिनुलाई पनि विपक्षी दलले गठबन्धनसँगै जोडेका छन् ।

२०७४ मा तत्कालीन राजपा नेपाल र समाजवादी पार्टी नेपालबीच गठबन्धनमा राउत नेतृत्वमा सरकार बनेको थियो । पछि दुवै दल एकीकरण भएर जनता समाजवादी पार्टी नेपाल बनेको थियो । अहिले जसपा विभाजित भएर लोकतान्त्रिक समाजवादी पार्टी नेपाल गठन भएको छ । भदौ ९ भदौमा निर्वाचन आयोगले लोसपालाई वैधानिकता प्रदान गरेको थियो ।

संविधानको धारा १८८ को उपधारा २ मा मुख्यमन्त्रीले प्रतिनिधित्व गर्ने दल विभाजित भएमा वा प्रदेश सरकारमा सहभागी दलले आफ्नो समर्थन फिर्ता लिएमा ३० दिनभित्र विश्वासको मतका लागि प्रदेशसभा समक्ष प्रस्ताव राख्नुपर्ने व्यवस्था छ । प्रदेशसभामा १०७ सदस्यीय मध्ये अहिले १०४ प्रदेश सांसद छन् । जसपाका ३९, कांग्रेस १९, लोसपाका १६, नेकपा एकीकृत समाजवादीका १३, नेकपा (एमाले)का ८, नेकपा माओवादी केन्द्रका ८ र नेपाल संघीय समाजवादी पार्टीका एक जना सांसद छन् ।

## जसपाले प्रदेश समिति समायोजन गर्ने

जनकपुर । जनता समाजवादी पार्टी (जसपा) नेपालले पूर्वराजपाबाट आएका नेताहरूलाई तत्काल प्रदेश समितिमा समायोजन गरी समायोजित प्रदेश समिति घोषणा गर्ने निर्णय गरेको छ । जनकपुरमा बसेको जसपा प्रदेश समितिको बैठकमा प्रदेश लगायत स्थानीय तह र भ्रातृ संगठनबीच समायोजन गर्ने जिम्मेवारी प्रदेश अध्यक्ष विजय यादवलाई दिएको छ । प्रदेश समितिमा आवश्यकताअनुसार थपघट, फेरबदल, विस्तार र पुनर्गठन गरी पूर्वराजपा नेपालबाट आएका सदस्यलाई मधेश प्रदेश समितिमा समायोजन गरी समायोजित प्रदेश समितिको घोषणा गर्ने जिम्मेवारी अध्यक्ष यादवलाई दिइएको हो ।

## सम्पादकीय

# प्रदेश २ भ्रष्टाचारको अड्डा नबनोस्

गत वर्ष पुस २८ गते अख्तियार दुरुपयोग अनुसन्धान आयोगले राष्ट्रपति विद्यादेवी भण्डारीलाई बुझाएको २९ औं वार्षिक प्रतिवेदनमा बढी भ्रष्टाचार हुने प्रदेशमा प्रदेश २ देखिएको छ। प्रतिवेदनअनुसार प्रदेशमा २१ दशमलव ५० प्रतिशत भ्रष्टाचार तथा भ्रष्टाचारजन्य गतिविधि भएका उल्लेख छ।

धेरै भ्रष्टाचारको उजुरी पर्ने प्रदेशका रूपमा देखिएको पनि प्रदेश २ देखिएको छ। आयोगका अनुसार देशभरिका कुल भ्रष्टाचारका उजुरीमध्ये प्रदेश २ बाट मात्र झन्डै एक चौथाइ उजुरी पर्ने गरेका छन् भने प्रदेश तथा स्थानीय तहसम्बन्धी उजुरी (एक तिहाइभन्दा बढी) पनि प्रदेश २ नै अगाडि देखिएको छ। यसले प्रदेश २ मा भ्रष्टाचार बढेको इंगित गर्छ। अख्तियारको वार्षिक प्रतिवेदन-२०७७ अनुसार आर्थिक वर्ष २०७६/७७ मा १६ हजार ५९४ भ्रष्टाचारसम्बन्धी उजुरी दर्ता भएकोमा प्रदेश २ का मात्र सरकारी सार्वजनिक निकायसँग सम्बन्धित उजुरी परेका थिए। प्रदेश तथा स्थानीय सरकारमातहत भएका भ्रष्टाचारसम्बन्धमा कुल ९ हजार २१० वटा उजुरी परेकोमा प्रदेश २ र त्यहाँका स्थानीय सरकार र मातहतका भ्रष्टाचारसँग सम्बन्धित उजुरीमात्रै ३ हजार ३० वटा थिए।

**अख्तियारले यसरी प्रदेशको मुख्यमन्त्रीको कार्यालयमा छापा मार्नु पदर्थ्यो या थिएन यो एउटा बहसको विषय हो तर मुख्यमन्त्रीको कार्यालयमा अख्तियार प्रवेश गर्ने वातावरण कसले र कसरी बन्यो यो अहम् सवाल हो।**

उपरोक्त तथ्यांकले प्रदेश २ भ्रष्टाचारको केन्द्र बन्दै गरेको सजिव चित्र देखाएको छ। भ्रष्टाचार एउटा जटिल सामाजिक राजनीतिक र आर्थिक समस्या हो। भ्रष्टाचारले लोकतन्त्रका मूल्य, मान्यता, नैतिकता, न्याय, कानुनको शासन तथा विश्वकै अर्थतन्त्रलाई धराशयी बनाउँछ। यसले कुनै समाज, देश मात्र नभएर सम्पूर्ण विश्वलाई नै आक्रान्त बनाएको छ।

प्रदेश २ लाई संघीयताको जननी मानिन्छ तर त्यहि जननीभित्र भ्रष्टाचारले जरो गाडेको छ। यसका नियन्त्रणका लागि प्रदेश सरकार असफल भएको छ। प्रदेशले भ्रष्टाचार नियन्त्रणका लागि जनलोकपाल विधेयक ल्याएको छ तर यसको कार्यान्वजनमा शंकै उठेको छ। किनभने प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयभित्रैबाट भ्रष्टाचारको गन्ध आइरहेको छ।

प्रदेश २ सरकारको लोकप्रिय कार्यक्रम 'बेटी पढाऊ, बेटी बचाऊ' अन्तर्गत खरिद गरिएको साइकलमा अनियमितता भएको आशंकामा अख्तियारले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा छापा मारे पछि देश नै तरंगित भएको छ। अख्तियारले प्रादेशिक सरकार प्रमुखको कार्यालयमा छापा मारेको पहिलो पटक हो।

अख्तियारले यसरी प्रदेशको मुख्यमन्त्रीको कार्यालयमा छापा मार्नु पदर्थ्यो या थिएन यो एउटा बहसको विषय हो तर मुख्यमन्त्रीको कार्यालयमा अख्तियार प्रवेश गर्ने वातावरण कसले र कसरी बन्यो यो अहम सवाल हो। निश्चय पनि यसमा मुख्यमन्त्री कार्यालयकै कमजोरी छ। मुख्यमन्त्री लालबाबु राउतले भने जस्तो साइकल खरिदमा अनियमितता नभएको होला तर अख्तियार पनि संवैधानिक निकाय भएकाले उसलाई सघाउन मुख्यमन्त्रीको कतर्व्य बन्छ। अनियमितता भएको हो र अब यसको पर्दाफास हुन्छ भन्ने डर मुख्यमन्त्रीलाई छ भने त्यो अर्को कुरा भयो तर उनले अख्तियारलाई उसको काममा सघाए भने मुख्यमन्त्रीको उचाइ निश्चित रुपमा बढ्ने छ।

# जनगणना, हिन्दू धर्म र धर्मनिरपेक्षता



देवेश झा

वि.सं. २०६८ को तथ्यांकअनुसार दश वटा धार्मिक समुदाय छन्; हिन्दू, बौद्ध, इस्लाम, किरात, क्रिस्चियन, प्रकृति, बोन, जैन, बहाई र शिख। आगामी जनगणनाको मुख्य प्रश्नावलीमा तिनै धर्मका संकेत (कोड नम्बर) राखिएका छन्। जनसांख्यिक फारामको महलमा " ले कुन धर्म मान्नु हुन्छ ?' प्रश्न समावेश गरिएको छ।

जनगणनाको प्रमुख उद्देश्य जनसंख्याको प्रवृत्ति र विशेषताहरूको बारेमा जानकारी प्राप्त गर्नु र लोककल्याणको लागि योजना, नीति तथा कार्यक्रम तर्जुमा गर्न आवधिक रूपमा जनसांख्यिक तथ्याङ्क तथा सूचक उपलब्ध गराउनु हो।

केन्द्रीय तथ्याङ्क विभागले हरेक दश वर्षमा राष्ट्रिय जनगणना गर्दै आएको छ। यस्तो जनगणना वि.सं. १९६८ मा सुरू भएको हो। यसको बाह्रौं शृंखला अर्थात राष्ट्रिय जनगणना, २०७८ आगामी कार्तिक २५ देखि मंसिर ९ मा हुँदैछ। घरपरिवार सूचीकरण सुरु भइसकेको छ। केन्द्रीय तथ्याङ्क विभागको वेबसाइट अनुसार नेपालको जनसंख्या ३ करोड ४ लाख ६७ नाघिसकेको छ।

संघीय संरचनामा जनगणनाबाट प्राप्त हुने तथ्याङ्क संघ, प्रदेश र स्थानीय तहका सरकारको लागि आधारभूत तथ्याङ्कको स्रोत हुनेछ।

राष्ट्रिय योजना निर्माण र सामाजिक जीवनलाई महत्वपूर्ण योगदान गर्ने जनगणना पछिल्लो समयमा विवादास्पद तथा अविश्वसनीय हुने गरेको छ।

राज्यलाई निरन्तर पृष्ठपोषण उपलब्ध गराउन आम प्रयोगकर्ताहरू बुद्धिजीवी, राजनीतिकर्मी, समाजसेवी, सञ्चारकर्मी, उद्योगपति, व्यापारी, प्राज्ञिक वर्ग, जनसंख्या विज्ञ, अनुसन्धानकर्ता, समाजशास्त्री, योजनाकार, अर्थविज्ञ, शिक्षक, विद्यार्थी, लगायत आम नागरिकले जनगणनाबाट प्राप्त तथ्याङ्क प्रयोग गर्दछन्। यसका अतिरिक्त अन्तर्राष्ट्रिय जगतले पनि जनगणनाको तथ्याङ्क प्रयोग गर्दछन् प्रष्टीकरण केन्द्रीय तथ्याङ्क विभागको छ।

नेपाल सरकारले विगतमा स्थगित जनगणना कार्यक्रम पुनः सञ्चालन गर्ने निर्णयसहित नयाँ कार्यतालिका सार्वजनिक गरेको छ। जसअनुसार यही भदौ ३० गतेबाट सूचीकरण गर्दै मूल गणना कात्तिक २५ देखि मंसिर ९ गतेसम्म सम्पन्न गराउने लक्ष्य छ। त्यसपछि विभागले राष्ट्रिय जनगणनाको तथ्यांक प्रशोधन र प्रकाशन गर्नेछ।

राष्ट्रिय योजना निर्माण र सामाजिक जीवनलाई महत्वपूर्ण योगदान गर्ने जनगणना पछिल्लो समयमा विवादास्पद तथा अविश्वसनीय हुने गरेको छ। जनगणनामा तथ्याङ्क सङ्कलनको क्रममा पूर्वाग्रही ढङ्गले प्रभावित तुल्याउने गरेको शंका पनि हुने गरेको छ। जनगणनामा प्रस्तुत लामो विवरण मध्ये जनसंख्या, धार्मिक आस्था र जातीय क्लस्टरबारे जनताको बढी चासो हुनेगर्दछ। यस परिप्रेक्ष्यमा धर्मनिरपेक्षतालाई औपचारिक बनाइएपछि हिन्दु धर्मावलम्बीहरूको घट्दो विवरण आफैंमा अनौठो बन्दै गएको देखिन्छ।

वि.सं. २०६८ को जनगणना भन्दा पहिले कायम रहेका हिन्दूहरूलाई त्यसपटकदेखि बोन, प्रकृति पूजक लगायतमा विभाजित गरिएको थियो जसलाई यसपटकबाट 'मस्टो' पनि थपिएको छ। समाजवादको नाममा वामपन्थीकरण हुँदै गरेको राजनीतिले हिन्दुत्वप्रति कठोर रवैया अवलम्बन गरेको देखिन्छ।

धर्मलाई अफीम मान्ने तथाकथित स्वघोषित अग्रगमनकारीहरूले हिन्दु आस्थालाई प्रतिकारको विषय बनाएका छन्।

बितेको साउनमा नदीमा अर्पण गरिएको दूधबारे पूर्वप्रधानमन्त्री बाबुराम भट्टराईले ट्वीटरमार्फत कटाक्ष गरे। हुनत डा. भट्टराईले हिन्दुत्वप्रति कटाक्ष गर्नु कुनै नौलो कुरा होइन। यसको आलोचना गर्दै धेरैले उनको दिल्ली स्थित जवाहरलाल नेहरू विश्वविद्यालय सँगको विशेष साइनोलाई कारक मान्ने गरेका छन्।

नदीमा प्रवाहित गरिएको दूधलाई जलमा रहेका जीवजन्तुले उपभोग गर्न पाउँछन्। दुर्भाग्य ! हाम्रा परम्पराहरूको अध्ययन गर्न सक्ने विज्ञान पढाइँदैन, जुन पढाइन्छ त्यसले हाम्रो परम्परा बुझ्न सक्दैन।

साउनमा हरियो घाँसपातमा कीट फट्याङ्गहरूको व्यापक वृद्धि हुने गर्दछ। आयुर्वेद अनुसार गाईभैंसी लगायतका पशुले सो खाने गर्दा उनीबाट उत्पादित दूधमा विषाणु बढेको हुनाले उक्त दूध र दुग्धजन्य उत्पादहरू खान निषेध गरिन्छ।

यस अतिरिक्त वर्षायाममा दूधमा अम्लपित्त पनि बढेको हुन्छ। त्यसर्थ विषतुल्य दूध खाँदा लाग्न सक्ने रोगबाट जोगाउन तर निरर्थकरूपमा दूध फ्याँकिनबाट रोक्न हाम्रो पूर्वजले त्यसको व्यवस्थापन गर्न सिकाएका हुन्।

यसरी नदीमा प्रवाहित गरिएको दूधलाई जलमा रहेका जीवजन्तुले उपभोग गर्न पाउँछन्। दुर्भाग्य ! हाम्रा परम्पराहरूको अध्ययन गर्न सक्ने विज्ञान पढाइँदैन, जुन पढाइन्छ त्यसले हाम्रो परम्परा बुझ्न सक्दैन। हाम्रा परम्परा र संस्कृति विज्ञानसम्मत छन् र हामी सदैव वैज्ञानिक जीवनयापन गर्दै आएका छौं। यसैगरी पछिल्लो पटक डा. भट्टराईले निर्माण कार्यका देवता विश्वकर्माबारे विवादास्पद ट्वीटर टिप्पणी गरे अनि कडाप्रतिवाद पनि पाए।

नेपाली कांग्रेसको महाधिवेशनमा सभापतिका लागि उम्मेदवारको रूपमा आफूलाई प्रस्तुत गर्दै पार्टी नेता विमलेन्द्र निधिले काठमाडौंमा सम्पर्क कार्यालय स्थापित गरे जसको उद्घाटन गर्ने अवसरमा जनकपुरका सन्त महन्तहरूको बाक्लो उपस्थिति थियो। यसबारे जिज्ञासाको जवाफ दिँदै निधिले हिन्दुराष्ट्रप्रति कुनै प्रकारको समर्थन दिन नसक्ने बताएर आफूलाई खाँटी धर्मनिरपेक्ष देखाउन खोजे।

कांग्रेसभित्रका हिन्दुत्व समर्थकहरूलाई पशुपतिनाथ, दक्षिणकाली, जानकी मन्दिर लगायतका देवस्थलमा नेपाली कांग्रेसको झण्डा फहराएर देखाउन उनले चुनौतीपूर्ण कटाक्ष समेत गरे।

संयोगवश नेपालका प्रमुख राजनीतिक दलहरूले निकट भविष्यमा महाधिवेशन गरानुउपर्ने अवस्था छ। यसअनुसार पछिल्लो महाधिवेशनमा समेत नेपाली कांग्रेसभित्र बहुसंख्यक प्रतिनिधिद्वारा हस्ताक्षरित हिन्दु राष्ट्रको मुद्दा नेतृत्वले जबर्जस्ती प्रवेश गर्न नदिए पनि यसपटक त्यसलाई रोक्न सहज छैन।

एमाले अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी ओलीले विभिन्न ठाउँबाट आफ्नो सम्बोधनको क्रममा हिन्दुराष्ट्रको माग उठेको स्वीकारेका छन्। कांग्रेस र एमालेभित्र हिन्दुत्वको मुद्दा बलियो बन्दै गएको देखेर पनि त्यसलाई जनगणनाको पूर्वाग्रही तथ्याङ्कमार्फत धूमिल पार्ने षड्यन्त्र भएको हुनसक्छ।

धर्मनिरपेक्षताको प्रवेशसँगै हिन्दुधर्मको महलमा कलस्टर थपेर विभाजित गरी संख्यात्मक रूपमा न्यूनतम देखाउने षड्यन्त्रपूर्ण प्रयासले यसपटक पनि निरन्तरता पाएको देखिन्छ।

नेपालको राजनीतिमा जाति र धर्मको प्रभाव तथा प्रतिनिधित्व बढ्दै गएकोले अधिकांश दल आफ्नो क्षेत्र र जातिलाई प्राथमिकता दिनु नै सत्ताको प्रमुख कार्य मान्न थालेका छन्। यसै पनि लोकतंत्र भनेको संख्याको खेल हो र हरेक राजनेतालाई देशभित्र आफ्नो जातीय संख्याबारे उत्सुकता थपिएको छ। जातीय समीकरण चुनावमा विजय सुनिश्चित गराउन महत्वपूर्ण हतियार मानिन्छ र यसको भरपर्दो जानकारी जनगणनाबाट प्राप्त हुन्छ।

वि.सं. २०६८ को जनगणनामा हिन्दु धर्मलाई विभाजित गरिए पनि ईसाई र इस्लामलाई विभाजित पारिएको छैन। जबकि ईसाईहरूमा क्याथोलिक, प्रोटेस्टेन्ट, आर्थोडोक्स, मारोनी, एवनजीलक भनेर छुट्टाछुट्टै बस्ने गरेका छन्। यहाँसम्म कि यिनिहरू एकअर्काको गिर्जाघर (चर्च) मा प्रार्थना गर्न जाँदैन।

यसैगरी इस्लाम धर्ममा शिया, सुन्नी र अहमदियाहरू हुन्छन्। यिनको मतभेद हेर्ने हो भने इरान, इराक, सिरिया लगायतका इस्लामिक देशहरूमा प्रायःहुने युद्धहरू यही दुवै बीच हुनेगर्दछ। तथापि केन्द्रीय तथ्याङ्क विभाग कालागि शिया, सुन्नी र अहमदिया हरू सबै मुस्लिम हुन भने क्याथोलिक, प्रोटेस्टेन्ट, आर्थोडोक्स, मारोनी, एवनजीलक भनेको इसाई मात्र हुन्।

वैदिक सनातन परम्परागत प्रकृतिलाई सर्वोपरि मानेर उपासना गर्दै आएका बहुसंख्ययक हिन्दु समाजलाई विभाजित गरी मनोबल कमजोर पार्ने प्रयास स्वयं राज्य पक्षबाट हुनु दुर्भाग्यपूर्ण र विभाजनकारी देखिन्छ। जसको प्रतिवादमा धेरैले सामाजिक सञ्जालमार्फत चेतना अभियान समेत सञ्चालन गरेको पाइन्छ।

जनगणना प्रक्रियाद्वारा सांख्यिकीय स्वरूप बुझ्न सकिन्छ। यी सूचनाहरूको उपयोग सरकारी, गैरसरकारी, प्रशासनिक नीति निर्धारण, शोधपत्र, आर्थिक-सामाजिक र विकाससम्बन्धी विभिन्न योजनाहरूको निर्णय गर्न प्रयुक्त हुन्छ।

कहिलेकाहीँ जनगणनाबाट समाजमा अनपेक्षित विवाद थपेर विभक्त मानसिक अवस्था सिर्जित गराउने सम्भावना हुने गर्दछ। धर्मनिरपेक्षताको प्रवेशसँगै हिन्दुधर्मको महलमा कलस्टर थपेर विभाजित गरी संख्यात्मक रूपमा न्यूनतम देखाउने षड्यन्त्रपूर्ण प्रयासले यसपटक पनि निरन्तरता पाएको देखिन्छ।

यही क्रम जारी रहयो भने भविष्यको जनगणना हुँदा जातीय गणनालाई पनि धर्मको महलमा राख्दै ब्राह्मण धर्म, क्षेत्री धर्म लगायत समावेश गरी 'हिन्दूधर्म' नामक प्रश्नावली नै विस्थापित हुने बेर छैन।

त्यसैले समयमै जागरूक हुन जरुरी छ। -खबरहबबाट

# आवासको माग गर्दै रौतहटका दलितहरु आन्दोलित

रौतहट। दलित आवास कार्यक्रममा व्यापक लापरवाही भएको भन्दै रौतहटका दलितहरु आन्दोलित भएका छन्। दलित आवासको तत्काल व्यवस्था गर्नुपर्ने माग राख्दै रौतहटका दलितहरुले प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र बुझाएका छन्।

गौर पुगेका दलित समुदायका हजारौं महिला तथा पुरुषहरुले दलित आवास तथा जनता आवास कार्यक्रममा व्यापक अनियमितता भइरहेको भन्दै ध्यानाकर्षण गराएका छन्। हरेक वर्ष अर्बौ रुपैया फ्रिज भइरहेको तथा गरिब तथा दलितहरुको घर निर्माण नभएर तल्ला वर्ग उपेक्षित हुनुपर्ने बिडम्बनापूर्ण अवस्था रहेको दलितहरुको भनाइ रहेको छ। प्रदेश सरकार तथा स्थानीय सरकारको चरम लापरवाही र उदासीनताको कारण रौतहटका विभिन्न गाउँमा दलितहरुको घर निर्माण अधुरो रहेको छ।

दलित आवास निर्माण संघर्ष समिति रौतहटको नाममा प्रजिअलाई बुझाइएको ज्ञापनपत्रमा गरिब दलितलाई आबासको व्यवस्था हुनुपर्ने, राज्यको हरेक निकायमा दलितको जनसंख्याको अनुपातमा आरक्षणको व्यवस्था हुनुपर्ने, संवैधानिक मौलिक हकको रुपमा रहेको जातीय छुवाछुत गर्न नहुने हक तथा आबास निर्माणको हक पूर्ण कार्यान्वयन हुनुपर्ने, आवास निर्माणको रकम फ्रिज गराउनेलाई कारबाही हुनुपर्ने, आवास निर्माणमा भइरहेको अनियमितताको अविलम्ब छानबिन हुनुपर्ने, कमिसनमा भुक्तानी रोक्नेलाई कारबाही गर्ने र बाँकी रकम तत्काल भुक्तानी गर्नुपर्ने, निर्माणाधीन घरहरु छिटो पूरा गर्नुपर्ने र दलित युवालाई सीप तथा रोजगारीको व्यवस्था हुनुपर्ने माग गरिएको छ।

गरिब तथा दलितको कार्यक्रम र दलित आबास निर्माण संघर्ष समितिको कार्यक्रम बताएको भए पनि कार्यकर्ताहरुले हँसिया हथौडा अंकित नेकपाको झन्डा बोकेका थिए भने केहीले सूर्य अंकित झन्डा पनि बोकेका थिए।

# जसपा वैकल्पिक शक्ति बन्नै सक्दैन, लोसपामा सम्भावना छ

**० तपाईँले लोकतान्त्रिक समाजवादी पार्टी नेपालबाट किन राजीनामा गर्नुभयो ?**

– मैले आजसम्म जुन पार्टीमा रहेर केन्द्रीय कार्यकारिणी समितिको सदस्यको रुपमा काम गरें, त्यो पार्टीमा एकता गरेर पुगेको थिएँ । हामी पुरानो पार्टी भनेर कांग्रेस, एमाले र माओवादीलाई आलोचना गर्थ्यौं, विरोध गर्थ्यौं । तर हामी आफै नयाँ राजनीतिक पार्टी, नयाँ राजनीतिक शक्ति, वैकल्पिक राजनीतिक शक्ति बनाउने भनेर लाग्दा पनि त्यो ठाउँमा पुग्नै सकेनौं । हामीले पार्टीलाई वैकल्पिक शक्तिको रुपमा, फरक पार्टीको रुपमा जनताको बीचमा स्थापित गर्न सकेनौं । ती तीनवटा पार्टीभन्दा राम्रो पनि गर्न सकेनौं । यसकारणले मैले समीक्षा गरें, आत्मसमीक्षा गरें र यहीं कुरा मैले पार्टीमा राखें । मलाई कुनै पनि नेता र व्यक्तिसँग व्यक्तिगत आग्रह-पूर्वाग्रह अथवा रिसराग छैन । म राजनीतिक रुपमै उहाँहरुसँग सल्लाहमै राजीनामा दिएको हुँ । उहाँहरुसँग भेटेरै मैले राजीनामा गरेको हुँ । त्योभन्दा राम्रो कसरी गर्न सकिन्छ भनेर अहिले भएकै राजनीतिक दलहरुमध्ये जहाँ मेरो विचार मिल्छ, जहाँ म गएर राम्रो गर्न सक्छु । अब म विभिन्न राजनीतिक पार्टीहरुसँग छलफल गर्छु । त्यस पछि म अगाडि बढ्ने निर्णय गर्छु ।

**० जनता समाजवादी पार्टी नेपालबाट विभाजित भएर लोसपा निर्माण हुँदा यो नै अब वैकल्पिक शक्ति बन्छ भन्ने कुरा हामीसँगको अघिल्लो अन्तर्वार्तामा भन्नुभएको थियो । तर, अब लोसपामा बस्न नसकिने अवस्था किन आयो ?**

– लोसपामा त्यो खालको नयाँ पार्टीको कार्ययोजना बन्न सकेन । लोसपाको एउटा जुन टिम हुनुपर्दथ्यो, त्यो टिम बन्न सकेन । युवाहरुको टिम बन्न सकेन । नेतृत्वको राम्रो टिम बन्न सकेन । हामी समग्रमा कुरा गर्दा कांग्रेस, एमाले र माओवादीभन्दा राम्रो गर्न सक्ने त्यो वातावरण बनाउन सकेनौं । त्यसैले त्यो विश्वास रहेन । त्यो विश्वास नरहेका कारण अहिले आएर म राजीनामा दिने निर्णयमा पुगेको हुँ ।

**० तर, लोसपा त अहिले निर्माणकै क्रममा छ । केही दिन पहिला मात्रै निर्वाचन आयोगबाट दर्ताको प्रमाणपत्र पाएको छ । किन हतारिनुभयो त ?**

– हैन, नेपालमा एउटा भनाई छ 'हुने विरुवाको चिल्लो पात ।' मैले त्यो सम्भावना देखिनँ । त्यसकारण त्यो सम्भावना नदेखिएपछि देश र समाजका निम्ति समयलाई बर्बाद गर्नुभन्दा बरु विकल्प सोच्नु राम्रो हुन्छ भन्ने मैले ठानें ।

**० भनेपछि, जसपा र लोसपा वैकल्पिक शक्ति बन्ने आधार तपाईँले देख्नुभएन ?**

– छैन । जसपाको त बिल्कुलै छैन । लोसपा बन्यो भने पनि धेरै समय लाग्ला । लोसपा वैकल्पिक शक्ति बन्दैन भनेर म भन्दिनँ । तर, तत्कालका लागि मैले लोसपा वैकल्पिक शक्ति बन्ने सम्भावना देखिनँ । जसपाको त कुनै सम्भावना नै छैन । यदि लोसपाले राम्रो टिम बनाउन सक्यो, भिजन र कार्ययोजनाका साथ नयाँ ढंगले अगाडि बढ्न सक्यो भने त्यो सम्भावना रहन सक्छ । तर, तत्कालै त्यो सम्भावना छैन ।

**० जसपा वैकल्पिक शक्ति बन्दैन भनेर तपाईँले ठोकुवा गर्नुभयो । किन ?**

– जसपामा चिनिएका, देखिएका केही नेताहरु हुँदैमा धेरै सम्भावना बोकेको मान्न सकिँदैन । यदि त्यसो हो भने बाबुरामजीकै पार्टी बन्ने सम्भावना थियो । तर बनेन । यदि त्यसो भएको भए बाबुरामजी त्यहाँ आउनुपर्ने बाध्यता हुँदैनथ्यो ।

**० अब तपाईँ के गर्ने ? नयाँ दल खोल्ने कि ?**

– म नयाँ दल खोल्दिनँ । अहिले रहेकै दलहरुसँग मेरो छलफल हुन्छ । यिनै पार्टीहरुमध्ये जहाँ राम्रो गर्न सक्छु, त्यो दलमै बसेर म काम गर्छु । म जहाँ जुन पार्टीमा जान्छु, त्यो पार्टीमा गएर फेरि नयाँ ढंगको अभियान सुरु गर्छु । जनता, समाज र देशका निम्ति राजनीतिलाई नयाँ ढंगबाट अगाडि बढाउँछु ।

**० थारुहरुको नयाँ दल खोल्न लागिएको छ, तपाईँ त्यो दलमा जानका लागि लोसपाबाट राजीनामा दिनुभएको हो ?**

– उहाँहरुले प्रस्ताव गर्नुभयो, तर मैले उहाँहरुलाई मैले भनें कि तपाइँहरुले जे प्रयास अहिले गर्दै हुनुहुन्छ त्यो त मैले आजभन्दा दश वर्ष अगाडि नै त्यो अभ्यास गरिसकें, त्यो अनुभव गरिसकें । हामीलाई जनताले विश्वास गरेन । त्यसकारण वैकल्पिक राजनीतिक शक्ति तत्कालै बन्ने सम्भावना म देख्दिनँ, म तपाइँहरुसँग छैन भनेर स्पष्टरुपमा भनिसकेको छु । त्यसैले जुन नयाँ राजनीतिक दल खोलिने भएको छ, त्यसमा म जान्न ।

**० जसपा र लोसपालाई तपाईँले रिजेक्ट गरिसक्नुभयो । भनेपछि, ठूला राजनीतिक दलहरु एमाले, कांग्रेस, माओवादीबाट कुनै एउटा रोज्नुहुन्छ ?**

– हो । निश्चितरुपमा कांग्रेस, एमाले, माओवादी दलहरुसँग वार्ता हुन्छ, छलफल हुन्छ । यी तीन वटा दलहरुमध्ये कहाँ हाम्रो कुरा मिल्छ, त्यसपछि हामी निर्णय गर्छौं । छलफल तीनटैसँग हुन्छ ।

**० भनेपछि ठूला दलहरु कांग्रेस, एमाले र माओवादीमध्ये कुनै एकमै आफ्नो राजनीतिक भविष्य खोज्नुहुन्छ ?**

– हो । यी पार्टीहरुसँग छलफल हुन्छ । यिनै पार्टीहरुमध्ये विचार मिल्नेमा समाहित हुन्छु ।

**० तपाईँले राजीनामा घोषणा गरिसकेपछि अन्य राजनीतिक दलहरुबाट प्रस्तावहरु त आएका होलान् ?**

– धेरै नेताजीहरुले फोन गर्नुभएको छ । म आजबाट छलफल सुरु हुन्छ । सबै पार्टीका नेताजीहरुले प्रस्ताव गर्नुभएको छ । उहाँहरुसँग अब छलफल हुन्छ ।

**० तपाईँको विचार र मुद्दा मिल्ने यी तीन दलमध्ये कुन हो त ?**

– अहिले त म ठ्याक्कै भन्न सक्दिनँ । उहाँहरुसँग कुरा गर्न बाँकी नै छ । छलफलमा बसेपछि कुन किसिमको कुरा आउँछ त्यसपछि मात्रै म भन्न सक्छु ।

**० तैपनि कुन राजनीतिक दलसँग तपाईँ नजिक हुनुहुन्छ ?**

– अहिले म भन्न सक्ने स्थितिमा छैन । अब हामी सबै पार्टीसँग छलफलमा बस्छु । साथीहरुको कुरा सुन्छौं । हामी जुन पार्टीसँग छलफलमा बस्छौं, तिनका नेताहरुको कुरा सुन्छौं । त्यसपछि मात्रै हामी केही भन्न सक्छौं । अहिले म केही भन्न सक्ने स्थितिमा म छैन ।

> लोसपा वैकल्पिक शक्ति बन्दैन भनेर म भन्दिनँ । तर, तत्कालका लागि मैले लोसपा वैकल्पिक शक्ति बन्ने सम्भावना देखिनँ । जसपाको त कुनै सम्भावना नै छैन ।



**राजकुमार लेखी**
**नेता**

# अख्तियारको छापामारीमा मुख्यमन्त्रीका आफ्नै पार्टीका नेताहरूको षड्यन्त्र



**जयनुल राईन**
**प्रदेशसभा सदस्य, प्रदेश नं. २, लोकतान्त्रिक समाजवादी पार्टी नेपाल**

**० प्रदेश २ को मुख्यमन्त्री कार्यालयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आर्थिक अनियमितता भएको भन्दै छापा मारेको छ, तपाईंको के भन्नुहुन्छ ?**

–प्रदेशको मुख्य निकाय मुख्यमन्त्रीको कार्यालयमा छापामारी हुनु अप्रिय घटना हो । नहुनुपर्ने कुरो भएको छ । यसको पछाडि के राजनीति भएको हो, त्यो बुझ्न सकेका छैनौं । यसमा कहीं न कहींबाट षड्यन्त्र भएको हो, जसकारण मुख्यमन्त्री कार्यालयमा छापामारी भएको हो ।

**० मुख्यमन्त्री कार्यालयमा छापा मार्नु हुँदैनथ्यो ?**

– अख्तियार दुरुपयोग अनुसन्धान आयोगको काम नै छापा मार्ने हो । तर, अख्तियारले कागजात झिकाउन वा अनुगमन गर्न सक्थ्यो ।

**० तर, मुख्यमन्त्रीको कार्यालय भ्रष्टाचारको अखाडा भयो, विभिन्न कार्यक्रमहरुको नाममा व्यापक भ्रष्टाचार भयो भन्ने आमजनताको गुनासाहरु आइरहेका थिए नि ?**

– मुख्यमन्त्रीको कार्यालयबाट अनियमितता भइरहेको वा भ्रष्टाचार भएको बारे गुनासोहरु थियो । सबै मन्त्रीका विरुद्धमा पनि यस्ता गुनासाहरु थिए । तर त्यसका प्रमाणहरु देखिएका थिएनन् । तर अहिले आएर अचानक मुख्यमन्त्री कार्यालयमा जसरी छापामारी भयो यसमा मुख्यमन्त्रीजीको आफ्नै पार्टीकै नेताहरुले उहाँविरुद्ध षड्यन्त्र गरेको हो कि जस्तो लाग्छ ।

**० मुख्यमन्त्रीकै पार्टीले उहाँविरुद्ध षड्यन्त्र गऱ्यो त ?**

– निश्चितरुपमा मुख्यमन्त्रीजी आफ्नै पार्टीका नेताहरुको षड्यन्त्रको शिकार हुनुभएको छ । तर यसको जिम्मेवारी उहाँले लिनैपर्छ । विगतमा हामी एकै ठाउँमा थियौं, एउटै पार्टी थियो । चुनावमा हामीले मधेशी गठबन्धन बनाएर जनताको जनादेश पाएका थियौं । अहिले हामी छुटिइसकेका छौं । अहिले सरकारले जुन क्रियाकलापहरु गरिरहेको छ, त्यो मधेशी मतादेशको विपरीत हो । अहिले प्रदेश सरकारले मधेशी जनताको जनादेशलाई लत्याउँदै विभिन्न क्रियाकलापहरु गरिरहेको छ । यसको सारा जवाफदेही मुख्यमन्त्रीले नै लिनुपर्छ ।

**० मुख्यमन्त्रीको कार्यालयमै छापा परिसकेपछि मुख्यमन्त्रीको नैतिक दायित्व के हुन्छ, राजीनामा दिनु पर्ने हो कि होइन ?**

– मुख्यमन्त्रीको कार्यालयमा अख्तियारको छापा परिसकेपछि चारैतिरबाट राजीनामाको माग उठिरहेको छ । तर यो विषयलाई केलाएर हेर्नुपर्छ । हुन त नैतिकताको हिसावले मुख्यमन्त्रीले राजीनामा दिनुपर्ने हो । जुन आरोप लागेको छ, त्यसबारे प्रष्ट्याउनुपर्ने हो । मुख्यमन्त्रीले यसको जवाफ दिनुपर्ने हो । स्वच्छता अभियान, बेटी पढाऊ बेटी बचाउ अभियानमा कहाँ, कति, के गरेको छ ती सबै कागजातहरु अख्तियारले लगेको छ । मुख्यमन्त्री कार्यालय एउटा व्यक्ति होइन, एउटा मर्यादित संस्था हो । त्यहाँ यस किसिमका कार्यहरु हुनु चिन्ताजनक विषय हो । अख्तियारले सबै कागजात लगिसकेपछि यस विषयमा सूक्ष्म अनुसन्धान गरी छिटो निष्कर्ष निकाल्नुपर्ने हो ।

**० अनुसन्धान अवधिसम्म मुख्यमन्त्रीले राजीनामा दिनुपर्दैन ?**

– राजीनामा दिनैपर्ने बाध्यता छैन । त्यो त आफ्नो स्वविवेक र नैतिकताको कुरो हो । छापा पर्ने बित्तिकै मुख्यमन्त्रीले पदबाट राजीनामा दिई अनुसन्धानका लागि बाटो प्रशस्त गर्नैपर्छ भन्ने छैन । तर, उहाँको पार्टीभित्रको अवस्था के छ, पार्टीले के निर्देशन गरेको छ, सत्तारुढ दलहरुले के सुझाव दिइरहेको छ त्यो त उहाँलाई नै थाहा होला । हामी त अहिले बाहिरबाट हेरिरहेका मात्र छौं । मधेशी जनतामाथि जसपाले कस्तो अन्याय गरिरहेको छ, त्यो हेरिरहेका छौं । अब लोसपाले छिट्टै प्रदेश २ मा भण्डाफोर कार्यक्रम चलाउँछ ।

**० लोसपा अहिले प्रदेश २ को संसदमा प्रमुख प्रतिपक्षी रहेको छ, तपाईंहरु यसबारे केही नबोल्ने ?**

– अहिले भर्खरै हाम्रो संसदीय दलको नेता चयन भएको छ । अब हामीले यो घटनाबारे मात्रै होइन, यो सरकारले गरेको असंवैधानिक क्रियाकलापहरुको पनि भण्डाफोर र विरोध गर्छौं । पार्टी विभाजित भइसकेपछि मुख्यमन्त्रीले ३० दिनभित्र विश्वासको मत लिनुपर्ने जुन संवैधानिक व्यवस्था छ, त्यसलाई मानेको छैन । मुख्यमन्त्रीले ३० दिनभित्र विश्वासको मत लिनुपर्ने थियो । त्यसो भन्ने हो भने यो प्रदेश सरकार नै असंवैधानिक हो ।

**० तर, आउँदो २० गते विश्वासको मत लिने भनेर संसद बैठक आह्वान गरिएको छ नि ?**

– यस विषयमा हामीले दबाब दिएपछि मात्रै विश्वासको मत लिने भनेर संसद आह्वान गरिएको छ । यस्तै हामी धेरै विषयहरुमा दबाब दिइरहेका छौं । यो प्रदेशको नामाकरण र स्थायी राजधानी टुंगो लगाउनुपर्ने छ । २० गते बस्ने संसदको बैठकमा हामीले मुख्यमन्त्री कार्यालयमा परेको छापा, भ्रष्टाचार लगायतका कुराहरु उठाउँछौं । लोसपा प्रतिपक्षमा बस्छ भनेर अस्ति नै निर्णय गरिसकेको छ । यो सरकार असंवैधानिक भइसकेको छ, अविलम्ब विश्वासको मत लिनुपर्‍यो भनेर हामीले भनिसकेका छौं । निश्चितरुपमा हामी प्रमुख प्रतिपक्षीको भूमिका निर्वाह गर्छौं ।

**० लोसपा प्रतिपक्षी दलको भूमिका लागि तयार छ ?**

– निश्चितरुपमा हामी प्रतिपक्षमै बस्छौं । सत्तारुढ दलसँग अहिले दुई तिहाइभन्दा बढीको मत छ । लोसपाको १६ र एमालेको ८ गरी जम्मा २४ सांसद मात्रै विपक्षमा छन् । अहिलेको अवस्थामा मुख्यमन्त्रीले सजिलै विश्वासको मत पाउनुहुन्छ । हामीले पाँच महिना पहिला नै यो प्रदेशको नामांकन र स्थायी राजधानीको बारेमा प्रस्ताव पेश गरिसकेका छौं । त्यसको बारेमा पनि हामी कुरा उठाउँछौं ।

**० मुख्यमन्त्री राउतसँग दुई तिहाइभन्दा बढी मत छ संसदमा । अब त प्रदेशको नामाकरण र स्थायी राजधानी टुंगो लाग्छ ?**

– अब त प्रदेशको नामांकन र स्थायी राजधानी टुंगो लाग्नुपर्ने हो । जब जसपा नेतृत्वको सरकारमा कांग्रेस, माओवादी र नेकपा एकीकृत समाजवादी पनि आइसकेपछि ७५% भन्दा बढीको बहुमत छ । यो सरकारले चाह्यो भने जुन बेला पनि नामाकरण र राजधानी टुंगो लगाउन सक्छ । तर गर्ने इच्छाशक्ति हुनुपर्‍यो । प्रदेशको नाम मधेश र स्थायी राजधानी जनकपुरमा हाम्रो समर्थन रहन्छ ।

**० भनेपछि प्रदेशको नाम मधेश नै हुनुपर्‍यो ?**

– निश्चितरुपमा मधेशी जनतासँग जसपाका नेताहरुले गरेको प्रतिबद्धताअनुसार प्रदेश नाम मधेश संसदबाट पास गराउनुपर्‍यो या त सत्ता छोडेर जानुपर्‍यो । जसपा नेतृत्वको सरकारले कांग्रेस, माओवादी र एकीकृत समाजवादीलाई मधेश प्रदेशका लागि सहमत गराउनुपर्‍यो या त सरकारबाट बाहिर निकाल्नुपर्‍यो । प्रदेश २ को सरकार अहिले पनि मधेशी जनताको सरकार हो । तर मधेशीको नाममा जसले खेलवाड गर्छ, उसलाई जनताले पनि हेरिरहेको छ ।

# स्वाधीन मधेश जन-अभियानको राजनीतिक अवधारणा



**कैलाश महतो**
संयोजक, स्वाधिन मधेश जनअभियान

"स्वाधीन मधेश जन अभियान" एक स्वतंत्र राजनीतिक अभियानिक संगठन हो । यो राष्ट्र (जनता) मुक्ति को वकालत गर्दछ । यो एक बौद्धिक, वैचारिक र भौतिक आन्दोलन पनि हो । यसले मधेश समेतको लागि अर्थपूर्ण र उपलब्धिमूलक हुने निर्वाचनोंलाई समर्थन र सहयोग तथा निर्वाचन को नाममा हुने निर्वाचन, जसले मधेशलाई गुलाम बनाउन ३षड्यंत्रपूर्ण निर्वाचन और चुनावों३ को नाटकंचन गर्दछ, लाई विरोध र बहिष्कार गर्ने छ ।

यस संगठनमा मधेश को हरेक वर्ग, समुदाय र राजनीतिक विचार र चिन्तन भएकाहरु लाग्न सक्छन् । यस संगठनमा प्रत्यक्ष रुपले लाग्न नसकने समूह र व्यक्ति पनि विभिन्न माध्यमोंले आफ्ना विचार, राय, सल्लाह वा सुझाव दिन सक्नेछन् । यो संगठनले मधेशको सामाजिक, राजनीतिक, आर्थिक, शैक्षिक, सांस्कृतिक, भाषिक तथा जातीय समस्या र उत्पीड़नको अध्ययन, विश्लेषण, निरीक्षण तथा तिनका कारण समेतको उजागर गरी त्यसका समाधानका उपाय समेतमाथि चर्चा, बहस, छलफल तथा अन्तरकृयात्मक कार्यक्रमहरु को मार्फत समाधानका उपायहरु खोज्ने सामूहिक प्रयास गर्ने छ ।

२१औं शताब्दीको यस अत्याधुनिक युगमा समेत मधेश लगायत का मधेशी तथा कैयन पहाडी/हिमाली बस्ती, गाउँ, कस्वा, इलाका र क्षेत्र एकातिर तुलनात्मक रुपमा राज्यद्वारा नै शोषित, पीडित, अपहेलित, विभेदित र दमित छन्, त्यहीं राज्यमाथि आफ्नो पूरा पकड बनाएका मुट्ठी भरका समुदायले मधेशको आय र राजस्वमाथि गुलछर्रा उडाई रहेको अवस्था छ । शासककै कारण नै राज्यमा ३भ्रष्टाचार३ को कहर छ । यस्तो जर्जर र विषम परिस्थितिहरुबाट निपटारा पाउन मधेशले नेपालमा राजनीतिक, आर्थिक, भाषिक तथा सांस्कृतिक रुपमा स्वाधीन हुन अत्ति आवश्यक छ ।

वि.सं. २००८ सालबाट नै मधेशले आफ्नो अस्तित्व रक्षाक लागि आवाज उठाउंदै आइरहेको छ । आफ्नो अस्तित्व, पहिचान, सम्मान, हक अधिकार र राज्यमा समान सेवा र पहुँचको लागि अनेक आन्दोलन, विद्रोह, जन दबाव, सडक संघर्ष र संसद/संविधान सभाहरु समेतमा आवाज उठाएको छ । सम्पूर्ण ती संघर्षहरुको असफलताका साथ राज्यद्वारा गराइएका जातिय, साम्प्रदायिक तथा प्रशासनिक दंगाहरुको शिकार समेत मधेशलाई हुनु परेको छ ।

नेपाली जनताले आफ्नो विकास र समृद्धिको लागि नेकपा जस्तो जनप्रिय भनिने पार्टीलाई दुई तिहाईको सरकार बनाउने मत दिंदा समेत सो पार्टीका नेताहरुको आपसी स्वार्थ र अहंकारका कारण सरकार चलाउन नसकी ५ वर्षे सरकारको आधा उमेरमै पार्टीका प्रधानमंत्रीबाटै निर्मम तरीकाले हत्या गरिनु देशद्रो अपराधको पराकाष्ठा हो । यो सब व्यक्तिगत लाभ, आर्थिक अनियमितता, लुट र अहंकारको लागि मात्र भएको सत्य तथ्यलाई प्रमाण मानी अब हुने समस्त संघीय र प्रादेशिक निर्वाचन पूर्ण समानुपाति हुनु पर्दछ भन्ने स्वाधीन मधेश जन-अभियानको अडान रहेको छ ।

पूर्ण समानुपातिक निर्वाचन प्रणालीले नै देशको राजनीतिक वृतमा हुने सम्पूर्ण भ्रष्टाचारलाई अन्त्य गरी निश्छल र निष्पक्ष राजनीति निर्माण गर्ने सक्ने हाम्रो ठम्याई छ । पूर्ण समानुपातिक निर्वाचन, समग्र मधेश एक प्रदेश, स्वायत्त र आत्म निर्णय सहितको स्वाधीन मधेश, राज्यको हरेक अंग र निकायमा समानुपातिक प्रतिनिधित्वको अवस्था र ग्यारेण्टी राज्यले व्यवहारिक रुपमै नदेखाए स्वाधीन मधेश जन-अभियानले राज्यले गराउने कुनै पनि प्रमुख चुनावमा भाग न लिने र परम्परागत रुपमै हुने चुनावलाई मधेशमा सम्पन्न समेत हुन नदिने हामीले घोषणा गर्दछौं ।

"स्वाधीन मधेश जन अभियान" को राजनीतिक अवधारणा :

पूर्ण समानुपातिक निर्वाचन प्रणाली कायम नगरिएसम्म नेपाल सरकारद्वारा गरिने/गराइने संघीय र प्रादेशिक चुनावहरुमा मधेशले भाग नलिने र मधेशमा त्यस्ता भ्रष्ट र सामन्ती चुनाव हुन नदिने

१. काठमाण्डौ र मधेश लगायत पहाड/हिमाल का अविकसित र अपहेलित गाउं, बस्ती, वर्ग र समदायका बीच समानतामा आधारित राजनीतिक, आर्थिक, सामरिक, प्रशासनिक र शासकीय सम्बन्ध स्थापित होस् ।

२. देशमा समानता एवं समतामूलक समाज निर्माण र विभेदरहित समाजिक न्याय प्रणालीको स्थापना गरियोस् ।

३. समाजवादमा व्यक्तिवाद हुंदैन । देशको समग्र क्षेत्रमा व्याप्त रहेका व्यक्तिवाद, निजीवाद, परिवारवाद, नातावाद, कृपावाद र धर्मवाद अन्त होस् ।

४. एकलतन्त्र समाप्त गरी नश्लतंत्र, जातितंत्र, परिवारतन्त्र र नेपोटिज्मको बदलामा सामाजिक, राजनैतिक र आर्थिक लोकतंत्र स्थापना होस् ।

५. देश को समस्त वर्ग, समुदाय र जाति/जनजातिको लागि सहभागितामूलक सामाजिक लोकतंत्र कायम गरियोस् ।

६. गणतान्तान्त्रिक भनिने शासन पद्धतिमा अहंकारतन्त्रको समाप्ति र गणतन्त्रात्मक पद्धति प्रयोग प्रणालीको गणतंत्रात्मक व्यवस्था होस् ।

७. संघीय प्रणालीमा विदेश, रक्षा र मुद्रा नीतिका आलावा प्रदेशमा स्वशासन, स्वाधीनता, स्वायत्ततापूर्ण स्वतंत्र सरकार होस्।

८. मधेशी किसान, व्यापारी र दक्ष मधेशी यूवामाथि कायम रहेको विभेद, अन्याय र अत्याचारहरु हटाई उनीहरुलाई आ-आफ्ना क्षेत्रहरुमा स्वाधीन पारियोस् ।

९. मधेश तथा देशका गरीब, दलित, जनजाति, मजदूर, किसान, मुस्लिम, अल्पसंख्यक, महिला आदिमाथि श्रृंखलाबद्ध रुपमा भई रहेको हत्या, बलत्कार, अपहरण, बहिष्करण, छुवाछुत, शारीरिक तथा मानसिक उत्पीड़न तथा अन्य असभ्य हरकतहरुको अन्त होस् ।

१०. राज्यको षड्यन्त्रमा मधेशको थारु, राजवंशी, सत्तार, बांतर, धिमाल, कोचे, मेचे, ताजपुरिया, संथाल, उराव, गन्गाई जस्ता जाति, जनजाति र समुदायहरुको जब्त भूमि सम्बन्धित परिवारलाई फिर्ता गरियोस् ।

११. भूमि सुधार नीतिको साथ सम्पत्ति सुधार नीति लागू गरियोस् ।

१२. सुकुम्वासी समस्या समाधान आयोगको सट्टा भूमिहीन समस्या समाधान आयोगको गठन एवं मधेशी भूमिहीनलाई आवास तथा जीविकोपार्जनको लागि भूमिको उचित व्यवस्था गरियोस् ।

१३. गैर कानुनी तथा अप्रमाणित अपराधका मुद्दामा षड्यन्त्र पूर्वक वर्षौंदेखि जेल हिरासतमा राखिएका मधेशी नेताद्वय श्री रेशम चौधरी र श्री संजय साह (टकला) लाई सकुशल रिहा गरी राजनीतिक पूर्वाग्रहको आधारमा अदलत समेतबाट हुने गैर-न्यायिक फैसलाहरु रद्द गरी कानुनी राज्य स्थापना गरियोस् ।

१४. नेपाल सरकार र मधेश बीच सम्पन्न २२ बूंदे र ८ बूंदे सम्झौताको पूर्ण व्यवहारिक कार्यान्वयन होस् ।

१५. सम्झौता अनुसारको संघिय प्रणाली, मधेश प्रदेश, स्वायत्तता, आत्म निर्णयको अधिकार, राज्यको हरेक अंग र निकायमा मधेशीको समानुपातिक प्रतिनिधित्व, सहभागिता, समावेशिता र समान पहुँचका विधि निर्माण गरियोस् ।

१६. राजनीतिक, सामाजिक, न्यायायिक तथा मानव अधिकारको क्षेत्रमा मधेशी दलित, मुस्लिम, आदिवासी/जनजाति, महिला, पिछडा वर्ग र समुदाय, अल्पसंख्यक, लोपुन्मुख जाति/जनजाति समेतको राज्यको मूल धारमा ल्याउन समानुपातिक आरक्षणको व्यवस्था होस् ।

१७. मधेशी दलित, आदिवासी/जनजाति, मुस्लिम, महिला, पिछडा वर्ग र समुदाय, अल्पसंख्यक तथा लोपुन्मुख जाति/जनजातिहरुका लागि वितरित आरक्षणमा केवल निर्दिष्ट मधेशी समूहहरुको पहुँच होस् ।

१८. समानता र समतामूलक समाज निर्माणको लागि समानतामा आधारित सरकार, सरकारी निकाय, संवैधानिक नियुक्ति, कूटनीतिक पहुँच, न्याय प्रणाली तथा मानव अधिकारको संरक्षण होस् ।

१९. पूर्ण समानुपातिक निर्वाचन प्रणाली कायम गरियोस् ।

२०. स्थानीय तहको निर्वाचन राजनीतिक पार्टी विहीनतामा आधारित होस् ।

२१. तत्कालिन इष्ट इण्डिया कम्पनी सरकार र नेपाल सरकार बीच सम्पन्न सन् १८१६ को धारा ७, सन् १८६०, सन् १९२३, सन् १९५० (स्वतंत्र भारत सरकार र नेपाल सरकार) तथा त्यसै वर्ष सन् १९५० मा यूनाइटेड किंगडम र नेपाल सरकार बीच सम्पन्न सन्धिहरुको अध्ययन, विश्लेषण तथा कानुनी एवं न्यायिक प्रयोग होस् ।

२२. विदेश नीतिमा क्रान्तिकारी सुधार र देशको सीमालाई जीपीएसमा आधारित अन्तर्राष्ट्रीय नक्शाकन र सुरक्षा होस् ।

२३. देश अनावश्यक वैदेशिक ऋण मुक्त होस् ।

२४. मधेशको जल, जंगल र जमीनको रक्षा र पर्यावरणको सुरक्षा होस् ।

२५. क्षिइ मा नेपालद्वारा गरिएको हस्ताक्षर अनुसार मधेश को जल, जमीन, जंगल, खानी र उत्पादनमाथि मधेशीको अग्र-अधिकार कायम होस् ।

२६. देश, प्रदेश र स्थानीय तहमा भ्रष्टाचारमुक्त सरकार होस् ।

२७. संवैधानिक र राजनीतिक पद र राजनीतिक निर्वाचनमा उम्मेदवारको लागि शिक्षाको न्यूनतम मापदण्ड कायम गरियोस् ।

२८. संवैधानिक तथा राजनीतिक उच्च पदहरुको लागि दुई निश्चित कार्यकाल तोकियोस् ।

२९. राजनीति सेवा हो, पेशा होइन । राजनीतिलाई पेशाबाट मुक्त गरियोस् ।

३०. राजनीतिकर्मी को लागि राजनीति गर्न उमेर हदको सीमा (बढीमा ६०-६५ वर्ष) तोकियोस् ।

३१. उद्योगी, व्यापारी, तस्कर, ठेकेदार, गुण्डा, मवाली, डन, डकैत र उनका खास रिश्तेदारबाट राजनीतिक निर्वाचन पूर्णतः मुक्त होस् ।

३२. भ्रष्टाचारमाथि नियंत्रणको लागि जन लोकपाल बिल कानुन प्रयोग गरियोस् ।

३३. स्थानीय स्तरदेखि केन्द्रीय स्तरसम्मको निर्वाचित जन प्रतिनिधिद्वारा जनहितमा काम हुन नसके उनको मतदाताद्वारा उनलाई फिर्ता बोलाउने ( च्ष्नजत तय अर्बाी दबअप)जनाधिकार प्रणालीलाई संवैधानिक र कानुनी प्रावधान ल्याइयोस् ।

३४. जनताले कुनै उम्मेदवार, निर्वाचन/मतदान कार्य/प्रणालीलाई बहिष्कार गर्ने (च्ष्नजत तय चभवभअत) को कानुनी प्रावधान कायम गरियोस् ।

३५. कृषिमा व्यवसायीकरण र हरेक घरमा कम से कम एक रोजगारको व्यवस्था होस् ।

३६.. किसान र व्यापारीको लागि घुस तथा झंझटरहित उचित व्याज दरमा सर्वसुलभ ऋणको व्यवस्था गरियोस् ।

३७. सरकारद्वारा जनताको स्वास्थ्य, कृषि, रोजगार तथा घर बीमाको व्यवस्था गरियोस् ।

३८. देशभित्रै यूवा रोजगार या स्वरोजगार का व्यवस्था होस् ।

३९. देशको पासपोर्टमा विदेशमा काम गर्ने कामदारको ही साथै उसको परिवार समेतको जीवन, शिक्षा, रोजगार र आवासको बीमा गरियोस् ।

४०. नागरिकता वितरणमा जीपीएस प्रणालीको प्रयोग तथा नागरिकताका किसिमहरु अन्त्य गरी समान नागरिकता विधि र प्रणाली लागू गरियोस्।

४१. दोहरो नागरिकतालाई कानुनी दायरामा ल्याई दोहरो र तेहरो जस्ता नागरिकताधारीका नागरिकता खोज गरी त्यस्ता नागरिकता प्रमाणपत्रधारीको नेपाली नागरिकता खारेज गर्ने शख्त कानुनको व्यवस्था लागू गरियोस् ।

४२. राजनीतिक फाइदाको लागि नेपालको नागरिकता लिने विदेशी नागरिकको नागरिकतालाई शख्ती साथ खारेज गरी उसले प्राप्त गरेको सारा राजनीतिक पद र सम्पत्ति जब्त हुने कानुनी एक्शन प्लान लागू होस् । सो नियम सबैको लागि समान होस् ।

४३. देशको राजनेता र राजनीतिज्ञले विदेशी कुनै पनि बैंकमा राखेका सारा चल अचल सम्पत्तिलाई देशमा ल्याई आर्थिक क्षेत्रहरुमा लगानी गरियोस् ।

४४. देशको कुनै पनि तहको संवैधानिक र राजनीतिक नेताले विदेशको कुनै पनि बैंकमा खाता खोल्न नपाउने नियम लागू गरियोस् ।

४५. देशको हरेक नागरिकलाई सरकारले पायक पर्ने सरकारी बैंकहरुमा निःशुल्क खाता खोल्ने काम गरोस् ।

४६. मधेशमा जंगलको सुरक्षा, र मधेशमा मधेशी बाहेकको अन्य बस्तीका व्यक्ति वा समूहलाई अनियन्त्रित सराई बसाई ( ञ्ष्नचबतष्यल)गरी मधेशमा घर जग्गा किन्ने कार्यमाथि पूर्ण नियंत्रण होस् ।

४७. देशमा अनियमित अनियन्त्रित अन्तर्राष्ट्रिय राजनीतिक चलखेल, उथलपुथल तथा राजनीतिक नियन्त्रणको अन्त्य होस् ।

४८. राष्ट्रिय अन्तर्राष्ट्रिय शिक्षण संस्थान वा विश्वविद्यालयहरुबाट उत्पादित दक्ष जन शक्तिलाई समस्त आधुनिक सेवा र सुविधा गराई देशभित्र नै रोजगार र काम गर्ने अवसर प्रदान गरियोस् ।

४९. देशमा रहेका करीब १२५ जात, जाति, वर्ग र समुदाय तथा भाषा भाषी भएको सत्य तथ्यलाई स्वीकार गरी संसदमा दश प्रतिशत सांसद वा कुनै ठूलो समूह, समाज, वर्ग वा समुदायको दश प्रतिशत मानिसद्वारा लिखित रुपमा माग गरिए कुनै पनि राजनीतिक मुद्दा, संवैधानिक अडचन वा देश र समाज हितको विषय वा मुद्दामाथि जनमत संग्रह कमगराउने संवैधानिक प्रावधान कायम गरियोस् ।

५०. समग्र रुपमा मधेशले स्वाधीन भई आफ्नो विकास र समृद्धिको लागि बनाउने सम्पूर्ण योजना निर्माणमा राज्यको सहयोग होओस् ।

५१. विदेशी सरकार वा कम्पनीसंग भएका सम्पूर्ण अवैध र राष्ट्र अहितमा भए/गरिएका सारा सहमति, सन्धि, सम्झौता र राष्ट्रिय सम्पत्ति बेच बिखनका कार्य निश्तेजीकरण र निरश्तत हुने कानुन बनाइयोस् ।

## मधेश अपडेट

### मुस्कानलाई एसिड प्रहार गर्ने पुनः पक्राउ

पर्सा । वीरगन्जकी मुस्कान खातुनलाई एसिड प्रहार गर्ने फरार कसुरदारलाई पर्सा प्रहरीले पुनः पक्राउ गरेको छ । कोरोनाको पहिलो लहरका समयमा पछि फेरि बाल सुधार गृहमा कैद भुक्तान गर्ने गरी राख्न अदालतले दिएको आदेश विपरित कसूरदार समसाद मियाँ फरार भएपछि उनी पुनः पक्राउ परेका हुन् । कसूरदार मियाँ वीरगन्ज महानगरपालिका वडा नम्बर २ छपकैया स्थित आफ्नै घर नजिकको ईदगाह चोकबाट पुनः पक्राउ परेको पर्सा प्रहरीले जनाएको छ । वीरगन्जस्थित बाल सुधारगृहमा कैद भुक्तान गर्दै आएका कसूरदार मियाँलाई कोभिड-१९ को पहिलो लहरमा पर्सा जिल्ला अदालतकै आदेशबाट २०७६ साल चैत ११ गते संरक्षकको जिम्मामा छोड्नु भनिएको थियो । अदालतको आदेश अनुसार ०७६ चैत १२ गते नै पछि पुनः बुझाउने शर्तमा उनलाई संरक्षकको जिम्मा लगाइयो । तर पर्सा जिल्ला अदालतकै २०७७ फागुन २६ गतेको आदेश यता उनी फरार भए । ५ महिना १६ दिन कैद भुक्तान गर्ने गरी १ वर्ष कैद सजाय भएपछि त्यो आदेश कार्यान्वयन गर्ने सिलसिलामा फरार मियाँलाई पुनः नियन्त्रणमा लिएको पर्साका प्रहरी नायव उपरीक्षक ओम प्रकाश खनालले बताए । कसूरदार मियाँले अर्का साथीसँग मिली २०७६ भदौ २० गते खातुनलाई वीरगन्ज ४ गणेशमान चोक स्थित सार्वजनिक सडकमा अनुहारमा एसिड प्रहार गरेको पहिले नै पुष्टी भइसकेको थियो ।

### जमुनाह नाकाका १७ प्रहरी फेरिए

नेपालगञ्ज । नेपालगञ्ज नाका जमुनाहाका डेढ दर्जन प्रहरी फेरिएका छन् । भारतमा मजदूरी गरेर फर्किनेहरुबाट पैसा उठाएको गुनासो आएपछि नाकामा पुगेका एसपी श्यामकृष्ण अधिकारी र डीएसपी मधुसुदन न्यौपानेले नाकामा रहेको इलाका प्रहरी कार्यालय, जमुनाहाका १७ जना प्रहरी परिवर्तन गरेका हुन् । प्रहरीले नाकामा दसैं मान्न फर्किने नेपालीबाट ५० सय रुपैयाँ असुल्ने गरेको गुनासो आएको थियो । सादा पोशाकमा मुख छोपेर नाकामा पुगेका एसपी अधिकारी र डीएसपी न्यौपानेले ड्यूटीमा रहेका प्रहरीको काम चित्तबुझ्दो नरहेको पाएका थिए । डीएसपी न्यौपानेले लामो समयदेखि नाकामा बसेका र काम चित्तबुझ्दो नगरेकाहरुलाई उनीहरुलाई परिवर्तन गरेको बताए । एसपी अधिकारीले भारतको कालापहाड, सिमला, प्रयागलगायतका ठाउँबाट काम गरेर फर्किनेको झोला जाँच नगर्न निर्देशन दिएका छन् । कर्णाली प्रदेशका विभिन्न जिल्लाका मानिसहरु भारतको कालापहाड, सिमला, प्रयागलगायत ठाउँमा मौसमी कामका लागि मजदूरीमा जाने गर्दछन् । उनीहरु चाडबाड मान्न घर फर्किरहेका छन् ।

### प्रदेश १ को अधिवेशन असोज २२ गते हुने

विराटनगर । प्रदेश १ सरकारले प्रदेश सभाको अधिवेशन २२ असोजमा बोलाउन सिफारिस गरेको छ । मन्त्रिपरिषद् बैठकले प्रदेश प्रमुख समक्ष सिफरिस गरेको हो । असोज २२ गते । सुरु हुने प्रदेश सभामा मुख्यमन्त्री भीम आचार्यले विश्वासको मत लिने प्रदेश १ सामाजिक विकासमन्त्री बलबहादुर साम्सुहाङले बताए । नेकपा एमाले विभाजित भएपछि भदौ १० गते मुख्यमन्त्री नियुक्त भएका भीम आचार्य अल्पमतसहित सरकारमा छन् । एमालेका ५१ सांसदमध्ये १० जनाले माधव नेपाल नेतृत्वको नेकपा (एकीकृत समाजवादी) पार्टी रोजेपछि आचार्य अल्पमतमा परेका हुन् । प्रदेश १ मा पनि नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र र जनता समाजवादी पार्टी, नेपाल (जसपा) सहितको विपक्षी गठबन्धन छ । ९२ जना प्रदेशसभा सदस्य रहेको प्रदेश १ मा बहुमतका लागि ४७ मत आवश्यक पर्छ ।

### गाइडलाईन हटाउन माग

रौतहट । कोभिड-१९ का कारण लामो समयपछि खुलेको सीमा नाकामा भारतीयलाई प्रवेश गर्दा जारी गरिएको गाइडलाईन हटाउन माग गर्दै रौतहटका प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र बुझाइएको छ । नागरिक समाज रौतहटका अध्यक्ष जगरनाथ केशरीको नेतृत्वमा गएको सर्वदलीय टोलीले बिहीबार प्रमुख जिल्ला अधिकारी ईन्द्रदेव यादवलाई ज्ञापनपत्र बुझाएको हो । कोभिड महामारीबाट अवस्था सहज हुँदै जाँदा सरकारले सीमा नाका खुला गरे पनि स्थलमार्गबाट नेपाल आउने भारतीय नागरिकका लागि जारी ८ पन्ने गाइडलाईनले दुई देशबीचको सम्बन्धलाई नै प्रभावित गरिरहेको ठहर गरिएको छ । दुई देशबीच रोटीबेटीको सम्बन्ध रहेकोमा कोभिड र सुरक्षाको नाउँमा गाइडलाईन जारी गरेर उक्त सम्बन्धलाई सरकारले तोड्ने काम गरेको ज्ञापनपत्रमा उल्लेख छ । कोभिडबाट बच्न अपनाउनु पर्ने सबै उपायप्रति आफूहरुको समर्थन रहेको तर सदियौंदेखि भइरहेको बिना रोकटोक आवागमनलाई कुनै पक्षबाट प्रभावित गर्ने काम भएमा आन्दोलनमा उत्रन बाध्य हुने चेतावनी पनि ज्ञापनपत्रमा दिइएको छ ।

### विराटनगरको नगर अधिवेशन शनिबार

विराटनगर । प्रदेश १ को एकमात्रै महानगरपालिका विराटनगरको नगर अधिवेशन असोज १६ गते शनिबार तोकिएको छ । नेपाली कांग्रेस मोरङको शुक्रबारको बैठकले विराटनगरसहित १७ वटै पालिकाको नगर अधिवेशन शनिबार गर्ने निर्णय गरेको हो । निर्वाचन तालिकासहितको निर्णय केन्द्रीय समितिलाई पठाइएको छ । प्रस्तावित निर्वाचन तालिकाअनुसार उम्मेदवारहरूलाई १५ गते शुक्रबार मनोनयन दर्ताको समय तोकिएको छ । उम्मेदवारी फिर्ताका सम्पूर्ण प्रक्रिया पूरा सकेर शुक्रबार साँझ उम्मेदवारको अन्तिम नामावली प्रकाशित गरिने र शनिबार मतदान हुने नेपाली कांग्रेस मोरङका सचिव नागेश कोइरालाले बताए । कांग्रेस केन्द्रीय निर्वाचन समितिको तालिका अनुसार नगर अधिवेशन असोज ९ शनिबारका लागि तोकिएपनि विराटनगर महानगरपालिकाका वडा नम्बर २, ३, ४, ६ र ८ सहितका वडाको वडा अधिवेशनको मत गणना कार्य शनिबार बेलुकामात्रै सकिएका कारण नगर अधिवेशन एक साता पछि सारिएको हो ।

### सीमा वारपारमा अझै उस्तै सास्ती

कपिलवस्तु । विश्वव्यापी महामारीको रूपमा रहेको कोरोना भाइरस संक्रमणका कारण बन्द रहेका सबै सीमानाका खुलाउने सरकारले निर्णय गरे पनि सीमा वारपारमा सर्बसाधारण लगायत निजी सवारी साधन अझै उस्तै सास्ती व्यहोर्नुपरेको छ । मातहतका निकायमा सरकारको निर्देशन नआएको भन्दै सुरक्षाकर्मीले नाकामा पूर्ववत् व्यवहार गरिरहेका छन् । गत मंगलबार संघीय सरकारले सीमा नाका खुलाउने निर्णय सार्वजनिक गरेलगत्तै ओहोरदोहोर गर्नेको संख्या बढेको छ । तर, प्रहरीका अनुसार सानादेखि ठूला कुनै पनि सवारीसाधन आवतजावत गर्ने वातावरण बनेको छैन । भारतीय पर्यटक नेपाल आउने क्रम भने त्यति बाक्लो छैन । उनीहरू आएको खण्डमा प्रशासनको पत्रसहित आउने गरेको प्रहरीको भनाइ छ । नाकामा राखिएको स्वास्थ्य जाँच स्थानमा सामूहिक आवागमनलाई प्राथमिकतामै राखी जाँच्ने गरिएको छ । भारतीय नाकाबाट पारि जाने नेपालीका हकमा भने नागरिकता वा अन्य कुनै प्रमाणपत्र हेरी पठाउने गरिएको छ । नाका खोल्न नभई सहजीकरणको अनुमति पाएको रूपन्देहीका प्रमुख जिल्ला अधिकारी ऋषिराम तिवारीले बताए ।

### बाढीपीडितलाई राहत हस्तान्तरण

सप्तरी । नेपाल-भारत महिला मैत्री समाजले जिल्लाको तिलाठी कोइलाडी गाउँपालिकाका बाढीपहिरो पीडित परिवारका लागि राहत सामग्री हस्तान्तरण गरेको छ । आइतबार राजविराजमा आयोजित एक कार्यक्रमका बीच भारत सरकारबाट प्राप्त सहयोग मैत्री समाजले करिव एक सय पीडित घरपरिवारलाई पुग्ने राहत सामग्री हस्तान्तरण गरिएको हो । सप्तरी जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्ष तथा जिल्ला प्रशासन प्रमुख जनार्दन गौतमलाई महिला मैत्री समाजकी अध्यक्ष तथा संघीय सांसद चन्दा चौधरीले करिव ४२ लाख बराबरको राहत सामग्री पीडित परिवारलाई हस्तान्तरण गरेकी हुन् । कार्यक्रमलाई संबोधन गर्दै सांसद चौधरीले राहत वास्तविक पीडित समक्ष पुग्नु पर्ने आग्रह गरिन् । त्यस्तै, जिल्ला प्रशासन प्रमुख जनार्दन गौतमले सहयोगका लागि भारत सरकार र महिला मैत्री समाजलाई धन्यवाद व्यक्त गरेका छन् । कार्यक्रममा जिल्लाका सुरक्षा निकायका प्रमुख, स्थानीय जनप्रतिनिधिको उपस्थिति रहेको थियो । सो अवसरमा पीडितहरुको अस्थायी बसोबासका लागि ठूलो टेन्ट-३० वटा, सानो टेन्ट-५५ वटा, मझौला टेन्ट-२५ वटा र प्लाष्टिकको गुन्द्री-२०० वटा लागयतको सामग्री रहेका छन् ।

व्यक्तिगत घटना-जन्मदर्ता, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ, मृत्यु दर्ता आदि समयमै दर्ता गराई कानूनी अधिकारको सुनिश्चितता प्राप्त गरी सभ्य र सार्वभौम नागरिकको परिचय दिउँ ।

बलान-बिहुल गाउँपालिका
सप्तरी, प्रदेश नं. २

व्यक्तिगत घटना-जन्मदर्ता, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ, मृत्यु दर्ता आदि समयमै दर्ता गराई कानूनी अधिकारको सुनिश्चितता प्राप्त गरी सभ्य र सार्वभौम नागरिकको परिचय दिउँ ।

महागढीमाई नगरपालिका
बारा, प्रदेश नं. २

राष्ट्रिय साप्ताहिक मधेशवाणी



व्यक्तिगत घटना-जन्मदर्ता, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ, मृत्यु दर्ता आदि समयमै दर्ता गराई कानूनी अधिकारको सुनिश्चितता प्राप्त गरी सभ्य र सार्वभौम नागरिकको परिचय दिउँ ।

**जलेश्वर नगरपालिका**

महोत्तरी, प्रदेश नं. २

व्यक्तिगत घटना-जन्मदर्ता, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ, मृत्यु दर्ता आदि समयमै दर्ता गराई कानूनी अधिकारको सुनिश्चितता प्राप्त गरी सभ्य र सार्वभौम नागरिकको परिचय दिउँ ।

**बलबा नगरपालिका**

महोत्तरी, प्रदेश नं. २

व्यक्तिगत घटना-जन्मदर्ता, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ, मृत्यु दर्ता आदि समयमै दर्ता गराई कानूनी अधिकारको सुनिश्चितता प्राप्त गरी सभ्य र सार्वभौम नागरिकको परिचय दिउँ ।

**मटिहानी नगरपालिका**

महोत्तरी, प्रदेश नं. २

व्यक्तिगत घटना-जन्मदर्ता, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ, मृत्यु दर्ता आदि समयमै दर्ता गराई कानूनी अधिकारको सुनिश्चितता प्राप्त गरी सभ्य र सार्वभौम नागरिकको परिचय दिउँ ।

**सोनमा गाउँपालिका**

महोत्तरी, प्रदेश नं. २

व्यक्तिगत घटना-जन्मदर्ता, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ, मृत्यु दर्ता आदि समयमै दर्ता गराई कानूनी अधिकारको सुनिश्चितता प्राप्त गरी सभ्य र सार्वभौम नागरिकको परिचय दिउँ ।

**पिपरा गाउँपालिका**

महोत्तरी, प्रदेश नं. २

व्यक्तिगत घटना-जन्मदर्ता, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ, मृत्यु दर्ता आदि समयमै दर्ता गराई कानूनी अधिकारको सुनिश्चितता प्राप्त गरी सभ्य र सार्वभौम नागरिकको परिचय दिउँ ।

**धनौजी गाउँपालिका**

धनुषा, प्रदेश नं. २

- जीवनाशक विषादीहरू निःसन्देह जीवघाती हुन् । होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ ।
- रासायनिक विषादी अन्तिम विकल्पको रूपमा लिनुपर्छ ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ ।
- लेवलमा भएका जानकारीहरू तथा निर्देशनहरूअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ ।
- विषादी छर्ने औजार चुहिने हुनुहुँदैन ।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ ।
- केटाकेटीहरूलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनुहुँदैन ।
- विषादी अन्तिम प्रयोग र वाली भित्र्याउने समयावधि जानकारी राख्नुपर्छ ।
- लक्षित गरेका किराहरू तथा प्रयोग हुने बालीहरूबारे जानकारी राख्नुपर्छ ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नुहुँदैन ।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुऱ्याउनुपर्छ ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ ।
- विषादी छरिएको 'रेकर्ड' राख्नुपर्छ । जस्तै विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ ।

प्रदेश सरकार

**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**

प्रदेश नं. २, धनुषा, नेपाल

इमेल : malcprovince2@gmail.com

## संक्षिप्त समाचार

### लुम्बिनी प्रदेशसभा बैठक फेरि स्थगित

रुपन्देही । लुम्बिनी प्रदेशसभा बैठक फेरि स्थगन भएको छ । बुधबार दिउँसो १ बजेका लागि बोलाइएको बैठक असोज २० गते बस्ने गरी सारिएको प्रदेशसभा सचिव दुर्लभकुमार पुन मगरले जानकारी दिए । प्रमुख प्रतिपक्षी दल नेकपा एमाले संसदीय दलले पार्टीको विधान महाधिवेशनमा सहभागी हुनुपर्ने भएकाले बैठकमा उपस्थित हुन नसक्ने कारण देखाएपछि सभामुख पूर्णबहादुर घर्तीले बैठक सारेका हुन् । प्रदेशसभाको नवौं अधिवेशन सुरु भएयता कुनै बैठक पूर्ण रुपमा बस्न सकेको छैन । एमालेले आफ्ना सांसदद्वय अजय शाही र बिमला वलीलाई कारबाही गर्नुपर्ने माग राखी लगातार सदन अवरुद्ध गर्दै आएको छ ।

### विद्यार्थीलाई न्यानो कपडा र शैक्षिक सामग्री

कैलाली । आमाको छात्रावासका विद्यार्थीहरुलाई हेल्प फर ह्यापिनेस सामाजिक संस्थाले न्यानो कपडा र शैक्षिक सामग्री सहयोग गरेको छ । सोमबार हेल्प फर ह्याप्पीनेसको छैटौं वार्षिकोत्सवको अवसरमा सुदूरपश्चिम कमिटीले धनगढी उपमहानगरपालिका-५ तारानगरस्थित आमाको माया छात्रावासका विद्यार्थीहरुलाई कपडा र शैक्षिक सामग्री सहयोग गरेको हो । सो सामाजिक संस्थाले कपडा र शैक्षिक सामग्री सहयोग गर्नुको साथै उक्त अवसरमा मेडिकल टिमले विद्यार्थीहरुको आँखा परीक्षण समेत गरेको थियो । संस्थाले विभिन्न समस्यामा परेका नागरिकको उद्धार गर्ने, आपतकालीन रक्तदान गर्ने, मौलिक तथा सांस्कृतिक महत्व बोकेका चाडपर्वमा विशेष कार्यक्रमको अयोजना गरेर खुशी पुऱ्याउने, विपन्न तथा असहायलाई आर्थिक सहयोगजस्ता कार्य गर्दै आएको छ ।

### स्रोत नखुलेको रूपैयाँसहित दुई जना पक्राउ

रौतहट । स्रोत नखुलेको चार लाख ५१ हजार रुपैयाँसहित रौतहटबाट प्रहरीले दुई जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा रौतहटको ईशनाथ नगरपालिका-२ औरैया घर भइ भारतमा बस्दै आएका निरज कुमार राय र रामचन्द्र राउत रहेका छन् । नेपाल-भारतको सीमा नजिक प्रहरी चौकी औरैयाबाट खटिएको प्रहरी टोलीले चेकजाँच गर्नेक्रममा बी आर ३० वाइ ७२२२ नम्बरको मोटरसाइकलमा सवार दुबै जनाको साथबाट स्रोत नखुलेको चार लाख ५१ हजार रकम बरामद गरिएको प्रहरीले जनाएको छ । पक्राउ परेका दुबै जनालाई अनुसन्धान तथा कारवाहीको लागि गौर भन्सार कार्यालयमा बुझाइएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।

### लागूऔषधसहित दुई जना पक्राउ

रुपन्देही । रोहिणी गाउँपालिका-५ मझौनी चोकबाट नियन्त्रित लागूऔषध २ सय ८१ एम्पुल डाईजेपाम, ३ सय १६ एम्पुल नोफिन र ३ सय ५ एम्पुल फेनारगन सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । बिहीबार दिउँसो पक्राउ पर्नेहरुमा नवलपरासी रामग्रम नगरपालिका-१६ बस्ने १९ वर्षीय इस्लाम चुरीहार र सोही ठाउँ बस्ने २० वर्षीय आलमगरी चुरीहार रहेका छन् । प्रहरी चौकी पिप्रहवाबाट खटिएको प्रहरीले लु.४ प ११३४ नम्बरको मोटरसाइकललाई जाँच गर्ने क्रममा मोटरसाइकल चालक इस्लाम र मोटरसाइकलमा सवार आलमगरीलाई उक्त लागूऔषध सहित फेला पारी पक्राउ गरेको हो ।

### खैरो हेरोइनसहित खड्का पक्राउ

कैलाली । गोदावरी नगरपालिका-२ अत्तरीया पहाड रोडस्थित सोभान गड्सेरा होटलबाट २ ग्राम अवैध लागूऔषध खैरो हेरोईन जस्तो देखिने पदार्थ सहित धनगढी उपमहानगरपालिका-४ रातो पुल बस्ने ३७ वर्षीय बिरेन्द्र खडकालाई प्रहरीले पक्राउ गरेको छ । उक्त होटलमा लागूऔषध कारोबार भइरहेको भन्ने बिशेष सूचनाको आधारमा बिहीबार राति ईलाका प्रहरी कार्यालय मालाखेतीबाट खटिएको प्रहरीले उनलाई उक्त लागूऔषध सहित फेला पारी पक्राउ गरेको हो ।

### करेन्ट लागेर एक महिलाको मृत्यु

धनुषा । मिथिला बिहारी नगरपालिका-५ ललिया बस्ने ५० वर्षीया दुखनी देवी मण्डलको करेन्ट लागेर बिहीबार राति मृत्यु भएको छ । आफ्नै घरमा पानी तान्ने मोटरको स्विच अन गर्ने क्रममा करेन्ट लाग्दा उनको मृत्यु भएको हो ।

### उपमहानगरको बोर्ड बैठकमा कुटाकुट

नेपालगञ्ज । नेपालगञ्ज उपमहानगरपालिकाको बोर्ड बैठकमा वडाध्यक्ष र कार्यपालिका सदस्यबीचमा कुटाकुट भएको छ । कार्यपालिका सदस्य र वडाध्यक्षबीचको हानाहानमा वडा नम्बर ६ का अध्यक्ष समीरप्रताप सिंहको आँखामा चोट लागेको छ । कार्यपालिका सदस्यलाई खर्च गर्न दिइएको बजेट पारदर्शी रुपमा खर्च नभएको वडाध्यक्षहरुले गुनासो गरेपछि भएको विवाद हात हालाहालसम्म पुगेको थियो । यसअघिको बोर्ड बैठकले कार्यपालिका सदस्यले दलित, गरिब, विपन्न समुदायलाई १२ लाख रुपैयाँ खर्च गर्ने अख्तियारी दिएको थियो । उक्त बजेट पारदर्शी रुपमा खर्च नभएको वडा नं. ५ का अध्यक्ष कैफुलबराह जोलाहा र ७ नम्बरका अध्यक्ष जुम्मन खाँले उठाएपछि कार्यपालिका सदस्य देउमल सुनार प्रतिवादमा उत्रिएका थिए । सोही क्रममा कार्यपालिका सदस्य सुनार र वडाध्यक्ष जोलाहाबीचमा हात हालाहाल भएको हो ।

### नियन्त्रित लागूऔषधसहित दुई जना पक्राउ

पर्सा । वीरगञ्ज महानगरपालिका-१५ बसपार्कबाट नियन्त्रित लागूऔषध नाईट्राभेट ट्याब्लेट १ हजार ४ सय ७० पिस सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । शुक्रबार दिउँसो पक्राउ पर्नेहरुमा वीरगञ्ज महानगरपालिका-१७ अलौ बस्ने ३९ वर्षीय बिनोद दास हरिजन र सोही महानगरपालिका-१७ सिमान टोल बस्ने २३ वर्षीय सुनिल साह रहेका छन् । विशेष सूचनाको अधारमा लागूऔषध नियन्त्रण व्यूरो तथा प्रहरी चौकी बसपार्कबाट खटिएको संयुक्त टोलीले ना.३५ प ४०४८ नम्बरको मोटरसाइकल जाँच गर्ने क्रममा मोटरसाइकलमा सवार उनीहरुलाई उक्त लागूऔषध सहित पक्राउ गरेको हो । उनीहरु उपर लागूऔषध सम्बन्धी कसूरमा अनुसन्धान अगाडि बढाइएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ ।

### जबरजस्ती करणी गर्ने युवक पक्राउ

पर्सा । २४ वर्षीया महिलालाई जबरजस्ती करणी गरेको अभियोगमा वीरगंज महानगरपालिका-२९ रतनपुर बस्ने २५ वर्षीय साबिर हुसेन खानलाई प्रहरीले पक्राउ गरेको छ । शुक्रबार राति खानले ती महिलालाई जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी मिलनचोकबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

### ट्याक्टरको ठक्करबाट युवकको मृत्यु

कपिलवस्तु । महाराजगंज नगरपालिका-६ सानो बुटनियास्थित खेत जोत्ने क्रममा लु.४ त ७९२१ नम्बरको ट्याक्टरले ठक्कर दिँदा एक युवकको मृत्यु भएको छ । ट्याक्टरको ठक्करबाट सोही ठाउँ बस्ने २२ वर्षीय दिलिप कहारको सोमबार दिउँसो घटनास्थलमै मृत्यु भएको छ । हाल फरार ट्याक्टर चालकको प्रहरीले खोजी गरिरहेको छ ।

### टेलर पल्टिँदा महिलाको मृत्यु

कैलाली । जोशीपुर गाउँपालिका-१ बडरीयामा पावर टेलर पल्टिएर बुधबार साँझ दुर्घटना हुँदा पावर टेलरमा सवार सोही गाउँपालिका-१ बस्ने ४५ वर्षीया कौसिला देवी चौधरीको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएकी उनको टिकापुर अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो । दुर्घटनाका सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### श्रीमतीलाई हत्या गर्ने श्रीमान पक्राउ

बाँके । आफ्नै श्रीमती ३५ वर्षीया लक्ष्मी रुपा न्यौपानेलाई कुटपिट गरी हत्या गरेको अभियोगमा कोहलपुर नगरपालिका-३ भगरीया बस्ने ३४ वर्षीय प्रकाश न्यौपानेलाई प्रहरीले पक्राउ गरेको छ । प्रकाशले आफ्नै श्रीमती लक्ष्मीलाई कुटपिट गर्दा गम्भीर घाइते भएको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय कोहलपुरबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । घाइते लक्ष्मीको मेडिकल कलेज कोहलपुरमा उपचारको क्रममा मृत्यु भएको हो ।

व्यक्तिगत घटना-जन्मदर्ता, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ, मृत्यु दर्ता आदि समयमै दर्ता गराई कानूनी अधिकारको सुनिश्चितता प्राप्त गरी सभ्य र सार्वभौम नागरिकको परिचय दिउँ ।

## शहीदनगर नगरपालिका

धनुषा, प्रदेश नं. २

व्यक्तिगत घटना-जन्मदर्ता, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ, मृत्यु दर्ता आदि समयमै दर्ता गराई कानूनी अधिकारको सुनिश्चितता प्राप्त गरी सभ्य र सार्वभौम नागरिकको परिचय दिउँ ।

## औरही नगरपालिका

महोत्तरी, प्रदेश नं. २

**पशु सेवा विभाग**

## राष्ट्रिय पशुपन्छी स्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यालय

**हरिहरभवन, ललितपुरको अनुरोध**

- पशु नश्ल सुधारका माध्यमबाट पशुजन्य पदार्थको उत्पादन एवं उत्पादकत्व बढाई खाद्य तथा पोषण सुरक्षाको सुनिश्चितता गरौं ।
- घाँसमा आधारित पशु पालन गरी उत्पादन लागत घटाई खुद नाफा बढाऔं ।
- स्वस्थ्य तथा स्वच्छ पशुजन्य पदार्थ उत्पादनका लागि आफ्नो फार्ममा असल पशुपालन अभ्यास (Good Husbandry Practices) र असल उत्पादन अभ्यास (Good manufacturing Practices) को अवलम्बन गरौं ।
- रैथाने तथा लोपोन्मुख पशुपन्छीहरुको संरक्षण संवर्द्धन र सदुपयोग गरौं ।
- अनुत्पादक पशु वस्तुहरुलाई सडक तथा सार्वजनिक स्थानहरुमा छाडा नछाडौं ।
- आफ्नो पशुपन्छीहरुलाई नियमित रुपमा परजिवी नियन्त्रण गरौं तथा विभिन्न संक्रामक रोग विरुद्ध खोप लगाऔं ।

विस्तृत जानकारीको लागि
सम्पर्क
फोन : ०१-५५२२०३१
इमेल : info@nlrmpo.gov.np

व्यक्तिगत घटना-जन्मदर्ता, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ, मृत्यु दर्ता आदि समयमै दर्ता गराई कानूनी अधिकारको सुनिश्चितता प्राप्त गरी सभ्य र सार्वभौम नागरिकको परिचय दिउँ ।

## गौशाला नगरपालिका

धनुषा, प्रदेश नं. २

व्यक्तिगत घटना-जन्मदर्ता, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ, मृत्यु दर्ता आदि समयमै दर्ता गराई कानूनी अधिकारको सुनिश्चितता प्राप्त गरी सभ्य र सार्वभौम नागरिकको परिचय दिउँ ।

## सबैला नगरपालिका

धनुषा, प्रदेश नं. २

**नोवेल कोरोना भाइरस सामान्य रूघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

### यसबाट बच्ने उपायहरू :

○ कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
○ अनावश्यक रूपमा घरबाहिर र भीडभाडमा नजाने ।
○ खोक्दा र हाच्छ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
○ कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
○ जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
○ सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
○ ज्वरो, रूघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
○ कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

## लालकिशोर साह

## नगरप्रमुख

**जनकपुरधाम उपमहानगरपालिका, धनुषा, प्रदेश २**

**नोवेल कोरोना भाइरस सामान्य रूघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

### यसबाट बच्ने उपायहरू :

○ कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
○ अनावश्यक रूपमा घरबाहिर र भीडभाडमा नजाने ।
○ खोक्दा र हाच्छ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
○ कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
○ जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
○ सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
○ ज्वरो, रूघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
○ कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

## हरिप्रसाद मण्डल

## नगरप्रमुख

**मटिहानी नगरपालिका, महोत्तरी, प्रदेश २**

## विश्व परिवेश

# भारतीय वैज्ञानिकहरूद्वारा अणुशक्ति उत्पादन यन्त्रको विकास

भारतीय वैज्ञानिकहरुको एक टोलीले पहिलो पटक ठूलो मात्रामा अणुशक्ति उत्पादन यन्त्र को विकास गरेका छन्। यस यन्त्र ले सूर्यको प्रकाश र पानी जस्ता दिगो स्रोतहरुको उपयोग गरी पर्याप्त मात्रामा हाइड्रोजन उत्पादन गर्न सक्दछ।

यस यन्त्र ले ८ घण्टामा ६.१ लीटर हाइड्रोजन उत्पादन गर्न सक्दछ। यसकारण यो प्रक्रिया निकै लागत प्रभावी र दिगो प्रक्रिया हो। नैनो विज्ञान र प्रविधि संस्थान (आईएनएसटी), मोहाली का टोली ले यस को विकास गरेका हुन्। यस यन्त्र बाट उत्पादित हाइड्रोजनद्वारा दुर्गम आदिवासी क्षेत्र मा इन्धन कोशिका को प्रयोग गरी बिजुली उत्पादन गर्न सकिनेछ।

अन्ततः यसले ट्रान्सफार्मर र विधुतीय सवारी साधनलाई आवश्यक ऊर्जा पनि प्रदान गर्न सक्दछ। विज्ञान तथा प्रविधि मन्त्रालयका अनुसार यस दिशा तर्फ दीर्घकालीन अनुसन्धान गरिनेछ।

कमलाकन्नन कैलासमको नेतृत्वमा रहेको टोलीमा अशोक के गंगुली, विवेक बाग्ची, सन्यासिनाडू बोड्डू, प्रकाश पी एन र मेनका झा सामेल छन्। वैज्ञानिकहरुले यस प्रयोजनका लागि पृथ्वीमा प्रचुर मात्रामा पाइने कार्बन नाइट्राइड नामक रसायनको प्रयोग गरेका छन्।



मन्त्रालयका अनुसार यसभन्दा अघि पनि थुप्रै अनुसन्धानकर्ताहरुले जटिल धातु अक्साइड/नाइट्राइड/सल्फाइड को प्रयोग गरी यस यन्त्र को विकास गर्ने प्रयास गरेका थिए। तर सो प्रयोग बाट धेरै मात्रा मा पुनः उत्पादन गर्न धेरै गाह्रो भएको थियो।

आईएनएसटी टोली ले कम लागत पर्ने कार्बन नाइट्राइड प्रयोग गरी यस प्रक्रियाको सफलतापूर्वक सञ्चालन गरेका थिए। यो रसायन यूरिया र मेलामाइन जस्तै सहज रुपमा पाइन्छ।

सूर्यको प्रकाश यस यन्त्र मा पर्दा इलेक्ट्रोन, र प्वाल उत्पन्न हुन्छन्। इलेक्ट्रोनलाई परिवर्तन गरी हाइड्रोजन उत्पादन गरिन्छ। केही रसायनले प्वाललाई भर्ने काम गर्दछरु। यदि प्वाल बन्द नगरिए तिनीहरु इलेक्ट्रोन संग पुनः संयोजन हुनेछन्। डीएसटी नानो मिशन एनएचिटीपी ले यस परियोजनालाई समर्थन प्रदान गरेको छ। यस सम्बन्धि एक लेख 'क्लीनर उत्पादन को जर्नल' मा भर्खरै प्रकाशित गरीएको छ। विज्ञान तथा प्रविधि मन्त्रालय का अनुसार यस प्रविधिको आधिकारिक हक का लागि प्रक्रिया शुरु गरिएको छ। आईएनएसटी टोली यस प्रक्रियामा केही समय देखि काम गरिरहेका थिए।

टोली का नेतृत्व कमलाकन्ननले भन्नुभयो, "ऊर्जा संकट र जलवायु परिवर्तन संकटले हामीलाई यस क्षेत्र तफ कामरु गर्न प्रेरित गर्यो। कार्बन नाइट्राइड मा बिभिन्न जैविक समूहहरु को स्थिरता र रासायनिक विशेषता का कारण हाइड्रोजन उत्पादन गर्न सकिने र यो निकै लागत प्रभावी जैवीक रसायन भएको ले हामी ले यस तर्फ आफ्नो ध्यान केन्द्रित गरेका हौं।"

आईएनएसटी का टोली ले लेब स्केल प्रक्रिया बाट एक ठूलो प्रोटोटाइप यन्त्र को निर्माण गरी हाइड्रोजन उत्पादन शुरु गरेका हुन्। सो यन्त्र को क्षेत्रफल १ मिटर वर्ग रहेको छ। यस मा केही प्यानल जडान गरिएका छन् जसमा पानी को प्रवाह बनाइएको छ। सूर्यको प्राकृतिक किरण विकिरण पर्दा हाइड्रोजन उत्पादन हुन्छ र ग्याँस क्रोमैटोग्राफी को माध्यम बाट मात्रा निर्धारण गरिन्छ।

टोली सूर्यको प्रकाश उपलब्धता अनुसार हाइड्रोजन उत्पादन अनुकूलन गर्ने प्रक्रियामा छन्। विज्ञान तथा प्रविधि मन्त्रालय का अनुसार टोली हाल शुद्ध हाइड्रोजन, नमी जाल, र ग्यास अलग गर्ने झिल्ली निर्माण गर्न लागिपरेका छन्। *-इण्डिया न्यूज नेटवर्क*

व्यक्तिगत घटना-जन्मदर्ता, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ, मृत्यु दर्ता आदि समयमै दर्ता गराई कानूनी अधिकारको सुनिश्चितता प्राप्त गरी सभ्य र सार्वभौम नागरिकको परिचय दिउँ ।

**गौर नगरपालिका**

रौतहट, प्रदेश नं. २

व्यक्तिगत घटना-जन्मदर्ता, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ, मृत्यु दर्ता आदि समयमै दर्ता गराई कानूनी अधिकारको सुनिश्चितता प्राप्त गरी सभ्य र सार्वभौम नागरिकको परिचय दिउँ ।

**मलंगवा नगरपालिका**

सर्लाही, प्रदेश नं. २

व्यक्तिगत घटना-जन्मदर्ता, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ, मृत्यु दर्ता आदि समयमै दर्ता गराई कानूनी अधिकारको सुनिश्चितता प्राप्त गरी सभ्य र सार्वभौम नागरिकको परिचय दिउँ ।

**चन्द्रपुर नगरपालिका**

रौतहट, प्रदेश नं. २

व्यक्तिगत घटना-जन्मदर्ता, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ, मृत्यु दर्ता आदि समयमै दर्ता गराई कानूनी अधिकारको सुनिश्चितता प्राप्त गरी सभ्य र सार्वभौम नागरिकको परिचय दिउँ ।

**कविलासी नगरपालिका**

सर्लाही, प्रदेश नं. २

व्यक्तिगत घटना-जन्मदर्ता, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ, मृत्यु दर्ता आदि समयमै दर्ता गराई कानूनी अधिकारको सुनिश्चितता प्राप्त गरी सभ्य र सार्वभौम नागरिकको परिचय दिउँ ।

**कलैया उपनगरपालिका**

बारा, प्रदेश नं. २

व्यक्तिगत घटना-जन्मदर्ता, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ, मृत्यु दर्ता आदि समयमै दर्ता गराई कानूनी अधिकारको सुनिश्चितता प्राप्त गरी सभ्य र सार्वभौम नागरिकको परिचय दिउँ ।

**राजविराज नगरपालिका**

सप्तरी, प्रदेश नं. २

## जिल्ला समाचार

### प्रदेश १ का मुख्यमन्त्रीको राजीनामा माग

विराटनगर । प्रदेश १ सभाका विपक्षी दलका नेताहरूले मुख्यमन्त्री भीम आचार्यले संसद्बाट विश्वासको मत लिनुअगावै राजीनामा दिनुपर्ने माग अघि सारेका छन् । यसअघि मुख्यमन्त्री आचार्यविरुद्ध अविश्वासको प्रस्ताव ल्याउने चेतावनी दिएका उनीहरूले संवैधानिक र कानुनी आधार नभेटेपछि मुख्यमन्त्रीले 'तत्काल राजीनामा' दिनुपर्ने माग गर्न थालेका हुन् । विपक्षी दलका नेताहरूले बुधबार प्रदेश १ का प्रदेश प्रमुख सोमनाथ अधिकारी 'प्यासी'लाई भेटेर मुख्यमन्त्री आचार्यलाई छिटो राजीनामा गर्नका लागि भूमिका खेलिदिन आग्रह समेत गरेका छन् । प्रदेश प्रमुख 'प्यासी'सँग भेट्नु अघि उनीहरूले संसद सचिवालयमा गठबन्धनको आगामी रणनीतिबारे छलफलसमेत गरेका छन् । कांग्रेस संसदीय दलका नेता राजीव कोइराला, नेकपा (एकीकृत समाजवादी) दलका नेता राजेन्द्र राई, माओवादी केन्द्र संसदीय दलका नेता इन्द्र आङ्बो, जनता समाजवादीका नेता जयराम यादव र लिम्बुवान मोर्चाकी बिष्णुकुमारी तुम्बाहाम्फेबीच भएको छलफलमा संसद अधिवेशनअगावै मुख्यमन्त्रीको राजीनामाका लागि दबाब सिर्जना गर्ने र सकेसम्म छिटो नयाँ सरकार गठन गर्ने बिषयमा छलफल भएको जनाइएको छ । उक्त छलफलमा आफूहरूसँग स्पष्ट बहुमत भएका कारण मुख्यमन्त्रीको छिटो राजीनामा माग्ने सहमति भएको र सोही अनुसार प्रदेश प्रमुख समक्ष आग्रह गरिएको कांग्रेस संसदीय दलका नेता राजीव कोइरालाले जानकारी दिए ।

### चाडबाड नजिकिएसँगै बाँके प्रहरी सक्रिय

नेपालगञ्ज । बाँके प्रहरीले गरगहना लगाएर एक्लै हिँडडुल नगर्न सचेत गराएको छ । चाडबाड लक्षित १९ बुँदे जनहितमा सूचना जारी गर्दै प्रहरीले भनेको छ, 'चाड पर्वको अवसर पारेर अनावश्यक गरगरहनाको प्रदर्शन नगरौं, गरगहना लगाएर एक्लै हिँडडुल नगर्नुहोस् ।' प्रहरीले दसैं र तिहारमा लामो समयसम्म घर छोड्नु परेमा छिमेकी र नजिकको प्रहरीलाई खबर गर्नसमेत आग्रह गरेको छ । घर, टोल आसपासमा शंकास्पद व्यक्ति देख्ने बित्तिकै प्रहरीलाई खबर गर्न भनिएको छ । आर्थिक कारोबार हुने ठाउँहरुमा चोरी, डकैती, लुटपाट हुन सक्ने भएकाले व्यक्तिगत रुपमा सचेत हुन बाँके प्रहरीले आग्रह गरेको छ । बैंकहरुबाट पैसा झिक्दा र राख्दा वा हिँडडुल गर्दा सचेत रहन भनिएको छ । प्रहरीले यात्रा गर्दा अपरिचित व्यक्तिले दिएको खानेकुरा नखान सम्झाएको छ । प्रहरीले मादकपदार्थ सेवन गरेर सवारीसाधन नचलाउन, जुवातास नखेल्न आग्रह गरेको छ । जिल्लामा कुनै पनि ठाउँमा शंकास्पद गतिविधि भएमा जानकारी दिनको लागि प्रहरी कन्ट्रोल, सञ्चार र कार्यालय प्रमुखको नम्बर उपलब्ध गराएको छ ।

### सीमा नखुल्दा रूपन्देहीका होटल मारमा

रुपन्देही । नेपाल-भारत सीमा नाका बन्द हुँदा रूपन्देहीको होटल र पर्यटन क्षेत्र मारमा परेको छ । कोभिड संक्रमण फैलन नदिनका लागि सीमानाका बन्द गरी पर्यटक आगमनलाई रोक लगाउँदा पर्यटन क्षेत्रमा त्यसको प्रत्यक्ष असर परेको हो । सीमानाका बन्द हुँदा रुपन्देहीमा सञ्चालित ३ सय बढी होटल तथा रेष्टुरेन्ट, १ सय बढी ट्राभल एजेन्सी धराशयी बनेको पर्यटन व्यवसायीको भनाइ छ । निजी क्षेत्रको करिब २५ अर्ब रूपैयाँ लगानी रहेको रुपन्देहीमा सरकारले सीमा नाका बन्द गरिदिँदा संकटमा परेको छ । गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र लुम्बिनीलाई दृष्टिगत गरी जिल्लामा ठूलादेखि साना होटल सञ्चालनमा आएका थिए । जसमा कार्यरत अधिकांश कर्मचारीसमेत बेरोजगार भएका छन् । सिद्धार्थ होटल एसोसिएसन रुपन्देहीका अध्यक्ष तथा हानका केन्द्रीय सदस्य चन्द्रप्रकाश श्रेष्ठले हचुवाका भरमा सीमा नाका बन्द गर्दा पर्यटन क्षेत्र टाट पल्टिएको गुनासो गरे । कोभिड विरुद्धको खोप लगाएका र पीसीआर रिपोर्ट लिएर आउने पर्यटकका लागि सीमा खुल्ला गर्नुपर्नेमा जोड दिँदै अध्यक्ष श्रेष्ठले पर्यटन क्षेत्र बचाउनका लागि भारतीय पर्यटकको आगमनलाई सहज गर्न आग्रह गरे ।

### सरोकारवालाहरूको प्रतिबद्धता

इमरान खान, कपिलवस्तु । विगत केही समयदेखि निर्माणाधीन रहेको हुलाकी मार्गले निर्माण कार्यमा गति नलिँदा तौलिहवा क्षेत्र लगायतका सर्वसाधारणहरुलाई आवतजावतमा समस्या परिरहेको छ । निर्माण कार्यमा ढिलाई हुँदा सर्वसाधारण लगायत सम्पूर्ण नागरिक समाज तथा स्थानीयहरुलाई निकै समस्या परिरहेको छ । यसै बिषयलाई मध्यनजर गरी आइतबार संबाद समूह कपिलवस्तुले सरोकारवालाहरुसँगको गरेको अन्तरक्रिया कार्यक्रममा सम्बन्धित सबैले समस्याको महसुसीकरण गरी सड्क निर्माण कर्य तथा व्यवस्थापनमा सहयोग पुऱ्याउन प्रतिबद्धता व्यक्त गरेका छन् । संबाद समूह कपिलवस्तुले तौलिहवामा, तौलिहवा सड्क निर्माण तथा व्यवस्थापनमा सरोकारवालाहरुको भूमिका विषयमा अन्तरक्रिया गरेको हो । प्रमुख जिल्ला अधिकारी चक्रपाणी पाण्डेयको प्रमुख अतिथ्यतामा भएको कार्यक्रममा नेपाल बिद्युत प्राधिकरण तौलिहवा शाखा, नेपाल टेलिकम, नेपाल खानेपानी संस्थान, निर्माण व्यवसायी संघ, कपिलवस्तु नगरपालिकाका वार्ड नं. १, २, र ३ का वाडा अध्यक्ष तथा प्रतिनिधि, हुलाकी रोडका ईन्जिनियर, सडक कार्यालयका प्रतिनिधिलगायतको उपस्थितिमा संबाद भएको हो ।

### सर्लाहीका सबै आठवटै सीमा नाका खुला

सर्लाही । कोरोना महामारीका कारण बन्द रहेका सर्लाहीका नेपाल-भारत सीमानाका खुला गरिएको छ । कोरोना महामारी नियन्त्रण गर्न भन्दै जारी गरिएको निषेधाज्ञाका कारण विगत करिब डेढ वर्षदेखि सीमानाका बन्द भएका थिए । नेपालीको चाडपर्व नजिकिएसँगै कोरोना महामारी सङ्क्रमणदर केही घटेको मौका छोपी नेपाल सरकारले सीमानाका खोल्ने निर्णय गरेको हो । नेपाल सरकारले निर्णय गरेपछि बसेको जिल्ला कोरोना सङ्कट व्यवस्थापन केन्द्र (डिसीसिएमसी) सर्लाहीको बैठकले भारतसँग सीमा जोडिएका सर्लाहीका आठवटै नाका खुला गर्ने निर्णय गरेको सर्लाहीका प्रमुख जिल्ला अधिकारी रामकुमार महतोले जानकारी दिए । उनका अनुसार बैठकले नेपाल सरकारले गरेको निर्णयानुसार जिल्लाका आठवटै नाका खुला गर्ने निर्णय गरिएको भए पनि आवागमनमा विभिन्न चारवटा बुँदा अनिवार्य पालना गर्नुपर्ने छ । जिल्ला सदरमुकामस्थित गोरखकाली नाका, पर्सा गाउँपालिकास्थित सङ्ग्रामपुर र पर्सा नाका, ब्रम्हपुरी गाउँपालिकास्थित त्रिभुवननगर नाका, मलङ्गवा नगरपालिकास्थित भाँडसर नाका, विष्णु गाउँपालिकास्थित बारा उद्योरण र फेन्हरा नाका खुला गर्ने निर्णय गरेको जिल्ला समन्वय समिति सर्लाहीका सभापति मेथुर चौधरीले जानकारी दिए ।

### गैह्रे (गैरै) हरूको जिल्ला भेला सम्पन्न

कपिलवस्तु । कौडिल्य गौत्रका गैह्रे (गैरे) हरुको कपिलवस्तुको प्रथम जिल्ला सम्मेलन तथा अधिवेशन वाणगंगाको जितपुरमा सम्पन्न भएको छ । गैरे बन्धुहरुको जातीय उत्थान, वंशजको खोज, कुल गोत्र, धर्म परम्पराको संरक्षण र निरन्तरता र विभिन्न सामाजिक कार्यका लागि २०६५ सालमा गैरे कल्याण समाज स्थापना र दर्ता भई काम गदै आइरहेको छ । केन्द्रीय समितिसहित ९ जिल्लामा समन्यव समिति गठन भएको र गैरेहरुको बसोबास भएको अन्य जिल्लाहरु गरी १३ जिल्लामा संगठन विस्तार गर्न लागिएको केन्द्रीय अध्यक्ष दामोदर गैह्रेले बताए । साथै समाजले गैरेहरुको उद्गमस्थल, बसाई तथा वंशावली तयार गरिरहेको बताए । सो अवसरमा तोयानाथ गैरेको अध्यक्षतामा गैरे कल्याण समाज कपिलवस्तु जिल्ला समन्यव समिति निर्विरोध चयन गरेको छ । समितिको उपाध्यक्षमा जिवलाल गैरे, सचिवमा मणि प्रसाद गैह्रे, कोषाध्यक्षयमा बलराम गैरे सदस्यहरुमा तिलक गैरे, रेशमलाल गैरे र दुर्गा प्रसाद गैरे निर्वाचित भएका छन् ।

### महोत्तरीका बाढीपीडितलाई राहत वितरण

महोत्तरी । नेपाल-भारत महिला मैत्री समाजले जिल्लाका बाढीपहिरो पीडित विभिन्न पाँच स्थानीय तहमा राहत वितरण गरेको छ । भारत सरकारबाट प्राप्त सहयोग नेपाल-भारत महिला मैत्री समाजले एक कार्यक्रमकाबीच उक्त स्थानीय तहका करिव १२० बाढीपहिरो पीडित घर परिवारलाई राहत बितरण गरिएको हो । मटिहानी, बलबा, जलेश्वर,एकदाढा र लोहपट्टि लगायत स्थानीय तहका पीडितहरुलाई स्थानीय प्रतिनिधिको उपस्थितिमा राहत बितरण गरिएको थियो । त्यस्तै बिपद ब्यबस्थापनमा खटिने सुरक्षा निकायका लागि २० थान टेन्ट जिल्ला प्रशासन प्रमुखलाई हस्तान्तरण गरेका थिए । करिव ५० लाख मुल्य बराबरको अस्थायी बसोबासका लागि सामग्री रहेको सांसद चौधरीले बताइन । राहत पीडित परिवारसम्म पुग्ने उनले बिश्वास ब्यक्त गरिन् । नेपाली जनताको दुखमा जहिले पनि भारत सरकार सहयोग गर्दै आइरहेको स्मरण गर्दै अहिले पनि सहयोग गरेको बताउदै उनले धन्यवाद ब्यक्त गरिन् । महोत्तरी जिल्ला बिपद ब्यबस्थापन समितीका अध्यक्ष तथा जिल्ला प्रशासन प्रमुख तिर्थराज भट्टराईले बाढी पहिरो तथा आगलागीबाट घरबार बिहिनका लागि अस्थायी टेन्ट लगायतका सामग्री सहयोग गरेकोमा महिला मैत्री समाज र भारत सरकारलाई धन्यवाद व्यक्त गरे ।

# भारतको सहयोगमा काभ्रेपलाञ्चोकमा पुनर्निर्माण परियोजना उद्घाटन

काठमाडौं । भारत सरकारको आर्थिक सहयोगमा काभ्रेपलाञ्चोक जिल्लामा सञ्चालित ७ वटा पुनर्निर्माण परियोजना उद्घाटन भएका छन् ।




भारतको विदेश मन्त्रालयका उत्तरी महाशाखाका संयुक्त सचिव अनुराग श्रीवास्तव र काभ्रेपलाञ्चोक-२ का प्रतिनिधिसभा सदस्य गोकुल प्रसाद बाँसकोटा, काभ्रेपलाञ्चोक-१ का प्रतिनिधिसभा सदस्य गङ्गा बहादुर तामाङ्ग तथा नेपाल सरकार राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका कार्यकारी सदस्य ध्रुव प्रसाद शर्माले बुधबार काभ्रेपलाञ्चोकमा हालसालै निर्माण सम्पन्न भएका ६ वटा विद्यालयहरुको संयुक्त रुपमा उद्घाटन गरेका छन् ।

भारत सरकारको पुनर्निर्माण अनुदान सहयोग अन्तर्गत यी ६ वटा विद्यालयहरु कूल नेरु. १९.७ करोड लागतमा निर्माण भएको हो । उक्त कार्यक्रममा भारतीय राजदूतावासका अधिकारी, केन्द्रीय आयोजना कार्यान्वयन इकाई (शिक्षा), जिल्ला आयोजना कार्यान्वयन इकाई ( काभ्रेपलाञ्चोक), बनेपा नगरपालिका, पनौती नगरपालिकाका प्रतिनिधि तथा अन्य सरोकारवालाहरुको उपस्थिति रहेको थियो ।

नेपाल सरकारले निर्धारण गरेको भूकम्प-प्रतिरोधी पुनर्निर्माण मापदण्ड अनुरुप श्री आजाद माध्यमिक विद्यालय (बनेपा), श्री भगवती माध्यमिक विद्यालय (पाँचखाल), श्री आजाद माध्यमिक विद्यालय ( पाँचखाल), श्री दुग्धेश्वर माध्यमिक विद्यालय (पाँचखाल), श्री शारदा माध्यमिक विद्यालय (पनौती) र श्री खाँडादेवी माध्यमिक विद्यालय (चौरी देउराली) गरी ६ वटा विद्यालयहरुको निर्माण संपन्न गरिएको हो र यसले दुई हजारभन्दा बढी विद्यार्थीहरुले राम्रो शैक्षिक वातावरणमा अध्ययन गर्न पाउनेछन् ।

नेपालका आठ जिल्लामा भूकम्पले क्षति पुर्‍याएका शैक्षिक संस्थाको पुनर्निर्माणका लागि भारत सरकारले ५० मिलियन अमेरिकी डलर आर्थिक सहयोग प्रदान गर्ने प्रतिबद्धता जनाएको हो ।

यी विद्यालयहरु पनि यसै योजना अन्तर्गत निर्माण भएका हुन् । यसरी लाभान्वित हुने आठ जिल्लाहरु गोरखा, नुवाकोट, सिन्धुपाल्चोक, रामेछाप, दोलखा, काभ्रेपलाञ्चोक, धादिङ्ग र काठमाडौं रहेका छन् । हालसम्म १४ वटा विद्यालयहरुको निर्माण भइसकेको छ भने ५६ वटा विद्यालयमा निर्माण कार्य भइरहेको छ ।

उद्घाटन कार्यक्रममा श्रीवास्तवले यी ६ वटा विद्यालयहरुले नेपाली जनताको साहस र क्षमतालाई उत्कृष्ट तवरले दर्शाएको र नेपालको एक भरपर्दो विकास साझेदार हुन पाउँदा भारतलाई निकै गर्व लागेको बताए ।

पुनर्निर्माण कार्यमा नेपालले चालेका हरेक प्रयासमा भारत, एक घनिष्ठ मित्र र छिमेकीको रुपमा, नेपाली जनतासँग काँधमा काँध मिलाई उभिएको दूतावासले जनाएको छ ।

सोही दिन काभ्रेपलाञ्चोकको पनौती नगरपालिकामा खोपासी प्राथमिक उपचार केन्द्रको भूमि पूजन कार्यक्रम सम्पन्न भएको थियो । स्वास्थ्य क्षेत्रमा १३२ वटा स्वास्थ्य चौकी पुनर्निर्माणका लागि भारत सरकारले ५० मिलियन अमेरिकी डलर आर्थिक सहयोग गर्ने प्रतिबद्धता जनाएको थियो ।

यो स्वास्थ्य चौकी पनि यसैको हिस्साको रुपमा रहेको छ । नेरु. ७५ करोडमा उक्त प्राथमिक उपचार केन्द्रको पुनर्निर्माण हुन लागेको हो । यस उपचार केन्द्रले काभ्रेपलाञ्चोक जिल्लाका करिब १५००० मानिसलाई आपतकालीन, मातृ तथा शिशु स्वास्थ्य र अन्य चिकित्सा सेवाहरु प्रदान गर्नेछ ।

नेपालमा आवास, शिक्षा, स्वास्थ्य तथा सांस्कृतिक सम्पदा क्षेत्रमा पुनर्निर्माण परियोजनाका लागि भारतले २५० मिलियन अमेरिकी डलर आर्थिक सहयोग गर्ने प्रतिबद्धता जनाएको छ ।

भूकम्पपछिको पुनर्निर्माण कार्यका लागि आवासको क्षेत्रमा गोरखा र नुवाकोट जिल्लामा ५०,००० घरहरु, शिक्षाको क्षेत्रमा ७० वटा विद्यालय र एउटा पुस्तकालय, स्वास्थ्यको क्षेत्रमा १३२ वटा स्वास्थ्य भवन, र सांस्कृतिक सम्पदाको क्षेत्रमा २८ वटा सांस्कृतिक सम्पदाको पुनर्स्थापनारप्रबलीकरण कार्य भारतको आर्थिक सहयोगमा सञ्चालन भइरहेका छन् ।

# नेपाल-भारत सीमा क्षेत्रमा उच्च सतर्कता

विराटनगर । भारतसँग खुला सीमा जोडिएका मोरङका सिमावर्ती क्षेत्रमा उच्च सतर्कता अपनाउँदै सुरक्षा सक्रियता बढाइएको छ। नजिकिँदो चाडपर्व र कोरोना महामारीलाई लक्षित गर्दै मोरङका प्रमुख जिल्ला अधिकारी काशीराज दाहालले नेपाल-भारत सीमा क्षेत्रको अनुगमन एवं निरीक्षण थालेका छन् । चाडपर्वका बेला हुनसक्ने अवैध एवं अवाञ्छित गतिविधी रोक्न भारतसँग सीमा जोडिएका स्थानलाई प्राथमिकतामा राखेर आकस्मिक अनुगमन एवं निरीक्षण थालिएको जानकारी उनले दिए। दाहालका अनुसार सीमा क्षेत्रमा पछिल्लो समय विशेष सुरक्षा सतर्कता अपनाइएको छ । भारतसँग सोझो सम्पर्क स्थापित भएका ग्रामीण एवं शहरी क्षेत्रका सीमा नाकाको सुरक्षालाई विशेष प्राथमिकतामा राखिएको उनको भनाइ छ । नेपाल र सशस्त्र प्रहरीको सहयोगमा प्रजिअ दाहाल नेतृत्वको टोलीले मोरङको धनपालथान, रंगेली लगायतका विभिन्न नाकाको अनुगमन गरेको छ ।

चाडपर्वका बेला सीमा क्षेत्रमा बढ्नसक्ने मानवीय चहलपहललाई ख्याल गर्दै आवश्यक सुरक्षा प्रबन्ध मिलाइएको उनले बताए । दाहालका अनुसार आयात निर्यातलाई चुस्त बनाउन एवं सीमा क्षेत्रमा देखिएका समस्याको समाधान गर्न भन्सार कार्यालय, नेपाल र सशस्त्र प्रहरी तथा राजनीतिक दल र सरोकारवालासँग पनि छलफल गरेर थप रणनीति तयार पारिने छ ।

सीमा नाका पूर्ण रूपमा खुला नभइसकेको अवस्थामा अव्यवस्थित आवतजावतलाई ख्याल गरेर कडाइ गर्दै सतर्कता अपनाइने जानकारी प्रजिअ दाहालले दिए। उनका अनुसार नेपालबाट भारत र भारतबाट नेपालतिर आवतजावत गर्नेहरुले मास्क र सेनिटाइजरको प्रयोग गरे/नगरेको कुरामा ध्यान दिन थालिएको छ । साथै सामाजिक दूरी र सरसफाईमा ध्यान दिन पनि आग्रह गरिएको छ ।


राष्ट्रिय जनगणना २०७८

आम समुदायमा अपिल

यही २०७८ साल भाद्र ३० देखि आश्विन १८ गते सम्म (बीस दिन) प्रत्येक घर तथा घरपरिवारमा राष्ट्रिय जनगणना २०७८ को लागि घर तथा घरपरिवार सूचीकरण कार्य गर्न सुपरिवेक्षकहरु आउँदैछन् । उनीहरुलाई आफ्नो सही विवरण दिई आफ्नो घर तथा घरपरिवार सूचीकृत भएको सुनिश्चित गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# वनविज्ञान अध्ययन संस्थानलाई शैक्षिक सामग्री हस्तान्तरण

काठमाडौं । भारतीय महावाणिज्य कार्यालय वीरगञ्जले हेटौंडामा रहेको वन विज्ञान अध्ययन संस्थानलाई शैक्षिक सामाग्री हस्तान्तरण गरेको छ । कार्यालयका काउन्सिलर नितेशकुमारले संस्थानका प्रमुख डा शिवकुमार मानजनलाई अङ्ग्रेजी र हिन्दीमाध्यमका सांस्कृतिक किताब तथा पत्रपत्रिका हस्तान्तरण गरेका हुन ।

काउन्सिलर नितेशले नेपालको शैक्षिक क्षेत्रको विकासमा भारतले सहयोग गर्दै आएको र थप सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे । सो अवसरमा संस्थानका प्रमुख डा मानजनले अध्ययन संस्थानको भौतिक पूर्वाधार निर्माण र विस्तारमा थप सहयोगका लागि आग्रह गरे ।

भारत सरकारको सहयोगमा विसं २०२१ मा हेटौंडामा रहेको वन विज्ञान अध्ययन संस्थानको शैक्षिक भवनलगायत पूर्वाधारको शिलान्यास भएको थियो । विसं २०२४ मा सुरु भई सो संस्थानमा वन विज्ञानतर्फ स्नातक र स्नातकोत्तरको अध्ययन तथा अध्यापन भइरहेको छ । साथै भारत सरकारको सहयोगमा संस्थानको हाताभित्र रु चार करोडको लागतमा म्युजियम कम्प्लेक्स निर्माण भएको प्रमुख मानजनले जानकारी दिए ।

# १० लाख डोज कोभिसिल्ड खोप आउने

काठमाडौं । भारतले अक्टोबर दोस्रो सातादेखि कोरोना भाइरसविरुद्धको खोप निर्यात खुला गर्ने भएको छ । भारतले खोप निर्यात खुला गर्ने भएसँगै नेपालले यसअघि नै भुक्तानी गरिसकेको १० लाख डोज खोप आउने भएको छ । अक्टोबर महिनामै १० लाख डोज कोभिसिल्ड खोप आउने तयारी भइरहेको स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

गत अप्रिलदेखि भारतले कोभिड-१९विरुद्धको खोप निर्यातमा रोक लगाएको थियो । भारतका स्वास्थ्य मन्त्री मनसुख माण्डवियाले भारतले अक्टोबरदेखि खोप निर्यात खुलाउने बताएका हुन् । उनले अक्टोबरमा ३० करोड डोज भन्दा बढी खोप उत्पादन हुने र अन्य देशहरूलाई पनि कोभ्याक्स सुविधा अन्तर्गत सहयोग गर्ने बताएका छन् ।

गत असारमा भारतले १० लाख डोज खोप उपलब्ध गराउन नसक्दा १० लाख भन्दा बढी नेपाली नागरिकले समयमै दोस्रो मात्रा लगाउन पाएका थिएनन् । भारतले अहिले आफ्नो देशभित्रको स्थिति सहज भएपछि खोप निर्यात खुला गरेको हो ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका प्रवक्ता डा. कृष्णप्रसाद पौडेलले अक्टोबरमा भारतबाट खोप आउने सम्भावना रहेको बताए । यस्तै भारतले कोभ्याक्स सुविधा अन्तर्गतबाट पनि खोप निर्यात गर्ने भएसँगै नेपालले कोभ्याक्स सुविधाबाट पनि थप खोप पाउने सम्भावना देखिएको छ । यसअघि नेपालले कोभ्याक्स सुविधाबाट करिब साढे ३ लाख डोज खोप पाएको छ ।

गत फागुनमा स्वास्थ्य मन्त्रालयले भारतको सेरौं इन्स्ट्युटबाट २० लाख डोज कोभिसिल्ड खोप खरिद गर्ने सम्झौता गरी भुक्तानीसमेत गरेको थियो । सो अनुसार १० लाख डोज कोभिसिल्ड खोप गत फागुन ८ गते नै काठमाडौं आइपुगेको थियो । तर, भारतमा संक्रमण बढ्दै जाँदा भारतले खोप निर्यातमै रोक लगाएर देशभित्रको खोप अभियान तीव्र बनाएको थियो । त्यसअघि भारतले नेपाललाई अनुदान स्वरूप १० लाख डोज कोभिसिल्ड खोप उपलब्ध गराएको थियो ।

# रेल चलाउन प्रधानमन्त्रीको ध्यानाकर्षण

काठमाडौं । नेपाली कांग्रेसका उपसभापति विमलेन्द्र निधिले जनकपुर-जयनगर रेल्वे तत्काल सञ्चालनका लागि सरोकारवाला निकायहरूलाई निर्देशन दिन प्रधानमन्त्री शेरबहादुर देउवासँग अनुरोध गरेका छन् । प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा शुक्रबार भेटेर उपसभापति निधिले रेल सञ्चालन र उद्घाटनका लागि प्रधानमन्त्री देउवाको ध्यानाकर्षण गराएका हुन् । प्रधानमन्त्री देउवासँग निधिले नेपाल र भारत दुवै देशका प्रधानमन्त्रीद्वारा संयुक्त रुपमा रेल्वे उद्घाटनको व्यबस्था मिलाउन भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र रेल विभागलाई निर्देशन दिन अनुरोध गरेका थिए । उनले भारत सरकारको सहयोगमा बनेको रेल्वे सञ्चालनका लागि नेपाल सरकारले इन्धन र डब्बा खरिद गरिसकेको स्मरण गराउँदै लामो समय सञ्चालनमा नआउँदा बिग्रने अबस्थामा पुगेको भन्दै प्रधानमन्त्रीको ध्यानाकर्षण गराए ।

## आर्थिक समाचार

### हवाई टिकट खरिदमा ५0% क्यासव्याक

काठमाडौं । आइएमई ग्रुपद्वारा संचालित आइएमई डिजिटल सोलुसन लिमिटेडद्वारा प्रवर्द्धित 'आइएमई पे' को **दसैंको झट्का** स्कीम सार्वजनिक गरिएको छ । अफर असोज ११ देखि १४ गते सम्म, हरेक दिन दिउँसो १ बजे, १ घण्टाका लागि लागु गरिएको छ । यस स्किम अन्तर्गत तपाइँको आइएमई पे वालेटबाट हवाई टिकट खरिद गर्दा ५०% सम्म क्यासब्याकको ब्यवस्था मिलाइएको छ । क्यासव्याकको सीमा रु. २००० सम्मको रहेको छ भने यो अफर मात्र पहिलो १०० खरिदकर्ताहरूका लागि प्रत्येक दिन फ्लैश बिक्रीको समयमा उपलब्ध गराइनेछ । उक्त अवसरमा बोल्दै आइएमई डिजिटल सोलुसन लिमिटेडका प्रमुख कार्यकारी अधिकृत बिकास नाहाटाले हवाई टिकट 'आइएमई पे' को भुक्तानी सेवासंगै तीन दिनको लागि ५०% क्यास ब्याकको योजना पनि शुरु भएको हुँदा आइएमई पेबाट भुक्तानी गरी सेवाग्राहीहरुले अधिकतम फाइदा लिनेमा आफू विस्वस्त रहेको बताए । यो स्किम आइएमई डिजिटल सोलुसन लिमिटेडद्वारा ल्याइएको हो र सदाझैं यो स्किममा पनि नियम र सर्तहरु लागु हुनेछन् । सबै प्रयोगकर्ताहरु आइएमई पे को माध्यम बाट हवाई टिकट खरिद मा फ्लैश बिक्री क्यासब्याक को लागि योग्य छन् । आइएमई पे प्रयोगकर्ताले हवाई टिकट खरीद गरेको २४ घण्टा भित्र क्यासब्याक प्राप्त गर्नुहुनेछ । यो स्किममा आईएमई पे पंजीकृत मोबाइल नम्बर मात्र सहभागिताको लागि योग्य हुनेछन् ।

### आइएमई डबलको डबलको डबल अफरका साप्ताहिक विजेता घोषित

काठमाडौं । आइएमईले पर्व लक्षित दसैंमा डबलको डबलको डबल अफर अन्तरगत पहिलो हप्ताको विजेता सार्वजनिक गरेको छ । सिस्टममा आधारित 'लक्की ड्र' मार्फत नतिजा सार्वजनिक गर्दा सेवाग्राहीद्वय क्रमशः केशव दमाई र विशाल अधिकारी विजेता घोषित भएका हुन् । पानीपोखरी काठमाडौंमा अवस्थित आइएमई केन्द्रीय कार्यालयमा गत शुक्रबार आयोजित फेसबुक लाइभ मार्फत उक्त नजिता सार्वजनिक गरिएको थियो । वहाँहरूले संयुक्त अरव इमिरेट्स ( युएई) र कतारबाट अफर अवधिमा क्रमशः रू.४१,५०७/- र रू.४८,०२०/- नेपालमा रहेका आफन्तलाई पठाएका थिए । अफर अनुसार आइएमईले वहाँहरू वा निजको सिफारिसमा वहाँहरूका निकटका आफन्तलाई लाई क्रमशः रू. ८३,०१४/- र रू. ९६,०४०/- उपहार स्वरूप प्रदान गर्नेछ । आइएमईले सार्वजनिक गरेको पर्व लक्षित डबल डबलको डबल अफर यहीँ असोज १ देखि कार्तिक २६ (तद्अनुसार सेप्टेम्बर १७ देखि नोभेम्बर १२, २०२१) सम्म कूल ५७ दिनका लागि अहिले संचालनमा रहिआएको छ । अफर अनुसार विदेशबाट पठाइएको रकम आइएमईका ३५,००० भन्दा बढी एजेन्टहरु वा आइएमई पे मोबाइल वालेटमा प्राप्त गर्दा वा बैंक ट्रान्सफर गर्दा हरेक हप्ता दुई (२) जनालाई पठाएको रकमको डबल (दुई गुणा), हरेक महिना दुई (२) जना भाग्यशाली सेवाग्राहीहरुलाई पठाएको रकमको डबलको डबल (चौगुणा) तथा बम्परमा एक (१) जना भाग्यशाली सेवाग्राहीलाई पठाएको रकमको डबलको डबलको डबल (आठगुणा) सम्म रकम पुरस्कार स्वरूप प्रदान गरिनेछ । साथै आइएमई पे मा रकम प्राप्त गर्दा रु २०० थप बोनसको व्यवस्था मिलाईएको छ । अफर अवधिमा भाग्यशाली विजेता छनौटका लागि कम्पनीले निश्चित सेवा र शर्तहरू निर्धारण गरेको छ । सेवा र शर्त अनुसार भाग्यशाली विजेताको छनौट प्रविधिमा आधारित **'लक्की ड्र'** मार्फत गरिनेछ । आइएमईका संस्थापक, आइएमई ग्रुपमा कार्यरत कर्मचारीहरू, आइएमईका व्यवसायीक साझेदार ( एजेन्ट पार्टनर) तथा आइएमई सम्बद्ध कुनै पनि व्यक्ति यो योजनामा सहभागी हुन पाउनुहुनेछैन ।

सेवाग्राहीहरुले आइएमईको जुनसुकै एजेन्ट संजालमार्फत रेमिटेन्स कारोबार गरेको भौचरको सक्कलप्रती योजना घोषणा अवधिसम्म सुरक्षित राख्नुपर्नेछ ।







मिथि[illegible]ला दर्शन
टीभी कार्यक्[illegible]म हेर्न नभुल्नु होला ।

मिथिलाको धर्म, संस्कृति [illegible] संस्कारको संरक्षण, सम्बर्द्धन, प्रवर्द्धन र विशेष जानकारी दिनका लागि [illegible]थली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS[illegible]24 टेलिभिजनमार्फत् हरेक बुधबार बिहान ५:३० बजे र कार्यक्रमको [illegible]ुनः प्रसारण हरेक बिहीबार राति १:३० बजे नियमित रूपमा प्रसारण [illegible] आइरहेको छ ।

विशेष ज[illegible]कारीका लागि सम्पर्क

[illegible]ाइल : ९८४३१४६४८८

कार्यक्रममा राय, स[illegible]ह, सुझाव र प्रतिक्रिया दिनका लागि

Email : [illegible]smedia65@gmail.com


**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१,
Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं